आर्थिक बर्ष : २०८

बैठक संख्या

आज मिति २०८२/०३/०३ गतेका दिन बिरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवरज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थितिः

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य.
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्गा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

अन्य उपस्थिति

श्री पिताम्बर पोखेल प्रशासकीय अधिकृत
श्री दिपक ढुङ्गाना सहायक प्रशासकीय अधिकृत
श्री शंकर चापागाई सहायक लेखा अधिकृत
श्री सन्तोष पौडेल कार्यालय सहयोगी

(मिति २०८२/०३/०३)

प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १.

पूर्ण घटना दर्ता सुनिस्श्चितता पालिका घोषणा सम्बन्धमा।

निर्णय नं. १.

बिरुवा गाउँपालिकाको ब्यक्तिगत घटना दर्ता पूर्णता सुचक मापनका लागि गठित अनुगमन, मूल्याङ्कन तथा सिफारिस समितिद्धारा घटना दर्ता सम्बन्धी तथ्याङ्क विश्लेषण गरी कार्यपालिका समक्ष प्रतिवेदन पेश भएकोमा उक्त प्रतिवेदनले ब्यक्तिगत घटना दर्ता पूर्णता पालिका घोषणा गर्नका लागि आवश्यक सुचकहरु पुरा भएको देखिएको हुँदा उक्त प्रतिवेदन अनुमोदन गरी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा ब्यक्तिगत घटना दर्ता पूर्णता पालिका घोषणाका लागि सहमती माग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २.

सार्वजनिक सुनुवाई सम्बन्धमा।

निर्णय नं. २.

बिरुवा गाउँपालिकामा संचालित योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्था साथै गाउँपालिका कार्यालय र अन्तर्गतका कार्यालयहरुको सेवा प्रवाह लगायत विविध विषयमा सरोकारवाला पक्षलाई जानकारी गराउने उदेश्यसहित मिति २०८२/०३/१९ गते बिरुवा गाउँपालिका कार्यालयको सभाहलमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ३.

शैक्षिक गुरुयोजना-२०८२ स्वीकृत सम्बन्धमा।

निर्णय नं. ३.

बिरुवा गाउँपालिकाको शैक्षिक गुरुयोजना निर्माणका लागि गठन भएको कार्यदलले निर्माण गरी कार्यपालिका समक्ष स्वीकृतीका लागि पेश गरेको बिरुवा गाउँपालिकाको शैक्षिक गुरुयोजना-२०८२ सर्वसम्मतीले स्वीकृत गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ४. आ.व.२०८२/८३ का लागि बिरुवा गाउँपालिका भित्र पर्ने जग्गाको न्युनतम मूल्याङ्कन सम्बन्धमा राजश्व परामर्श समितिको सिफारिस सम्बन्धमा।

निर्णय नं. ४.

बिरुवा गाउँपालिका राजश्व परामर्श समितिको बैठकबाट बिरुवा गाउँपालिका क्षेत्रभित्र पर्ने जग्गाको न्युनतम मूल्याङ्कन सम्बन्धमा सम्बन्धित मालपोत कार्यालयबाट निर्धारित मूल्याङ्कनलाई नै आगामी

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

# बिरुवा गाउँपालिकाको गाउँ शिक्षा योजना

(२०८१/०८२-२०८५/०८६)

# गाउँ शिक्षा योजना

## (२०८१/०८२-२०८५/०८६)

बिरुवा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, नेपाल

<u>विषय सूची</u>


अध्यक्षको भनाइ **vii**

उपाध्यक्षको भनाइ **viii**

प्रमुख प्रशासकीय अधिकृतको भनाइ **ix**

शिक्षा युवा तथा खेलकुद शाखाको भनाइ **x**

परिच्छेद एकः परिचय **1**

१.१ पृष्ठभूमि 4
१.२ परिचय 5
१.३ पालिकाको सिमाना 7
१.४ पालिकाको वडागत घरधुरी सङ्ख्या तथा जनसङ्ख्या 7
१.५ पालिकाको शैक्षिक अवस्था 7
१.५.१ विद्यालयगत विवरण 7
१.५.२ जातिगत र तहअनुसार विद्यालयमा अध्ययन गरीरहेका बालबालिकाहरूको सङ्ख्या 8
१.५.३ शिक्षक विवरण 10
१.६ पालिकाको शैक्षिक सूचक र वर्तमान अवस्था 11
१.७ पालिकाको शैक्षिक समस्या, चुनौती र अवसरहरू 14
१.७.१ शिक्षा क्षेत्रका मुख्य समस्याहरू 14
१.७.२ शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू 14
१.७.३ विद्यालय शिक्षा क्षेत्रका अवसरहरू 14
१.७.४ नयाँ शिक्षा योजनाले समेट्ने पक्षहरू 15
१.८ योजना निर्माण प्रक्रिया 16

परिच्छेद दुईः दूरदृष्टि, उद्देश्य, रणनीति, उपलब्धि र लक्ष्य **16**

२.१ परिचय 16
२.२. दूरदृष्टि 16
२.३ उद्देश्य 16
२.४ रणनीतिहरू 16
२.५ अपेक्षित मुख्य उपलब्धि 17
२.६ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य 19

परिच्छेद तीनः शिक्षाका उप क्षेत्रहरू **23**

३.१ पृष्ठभुमि 23
३.२ प्रारम्भिक बालविकास र शिक्षा 23
३.२.१ परिचय 23

| | |
|---|---|
| ३.२.२ वर्तमान अवस्था | 23 |
| ३.२.३ उद्देश्य | 24 |
| ३.२.४ रणनीतिहरू | 25 |
| ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | 25 |
| ३.३ आधारभूत शिक्षा | 27 |
| ३.३.१ परिचय | 27 |
| ३.३.२ वर्तमान अवस्था | 27 |
| ३.३.३ लक्ष्य | 29 |
| ३.३.४ उद्देश्य | 28 |
| ३.३.५ रणनीतिहरू | 29 |
| ३.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | 30 |
| ३.४ माध्यमिक शिक्षा | 34 |
| ३.४.१ परिचय | 34 |
| ३.४.२ वर्तमान अवस्था | 34 |
| ३.४.३ लक्ष्य | 34 |
| ३.४.४ उद्देश्य | 35 |
| ३.४.५ रणनीतिहरू | 35 |
| ३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | 36 |
| ३.५ उच्च शिक्षा, माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध | |
| ३.५.१ परिचय | |
| ३.५.२ वर्तमान अवस्था | |
| ३.५.३ लक्ष्य | |
| ३.५.४ उद्देश्य | |
| ३.५.५ रणनीतिहरू | |
| ३.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | |
| ३.६ प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिम | 41 |
| ३.६.१ परिचय | 41 |
| ३.६.२ वर्तमान अवस्था | 41 |
| ३.६.३ लक्ष्य | |
| ३.६.४ उद्देश्य | 41 |
| ३.६.५ रणनीति | 42 |
| ३.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य | 42 |
| ३.७ पाठ्यक्रम र मूल्याङ्कन | 48 |
| ३.७.१ परिचय | 48 |

३.७.२ वर्तमान अवस्था 48
३.७.३ समस्या
३.७.४ उद्देश्य 50
३.७.५ रणनीतिहरू 50
३.७.६ उपलब्धि 50
३.८ शिक्षक व्यवस्थापन र विकास 53
३.८.१ परिचय 53
३.८.२ वर्तमान अवस्था 53
३.८.४ उद्देश्यहरू 56
३.८.५ रणनीतिहरू 56
प्रमुख क्रियाकलाप र लक्ष्य 56
३.९ आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको पहुँच समावेशी शिक्षा 59
३.९.१ परिचय 59
३.९.२ वर्तमान अवस्था 59
३.९.३ चुनौती
३.९.४ उद्देश्य 60
३.९.५ रणनीति 60
३.९.६ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य 61
३.१० शिक्षामा सूचना प्रविधि 79
३.१०.१ परिचय 79
३.१०.२ वर्तमान अवस्था 80
३.१०.३ उद्देश्य 82
३.१०.४ रणनीति 82
३.१०.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य 82
परिच्छेद चारः संस्थागत संरचना र क्षमता विकास एवं प्रदेश र सङ्घीय तहसँगको अन्तर सम्बन्ध

४.१ परिचय
४.२ तीन तहका सरकारको संयुक्त अधिकार तथा उत्तरदायित्व
४.३ वर्तमान अवस्था
४.४ युवा, खेलकुद तथा अतिरिक्त क्रियाकलाप
४.५ अवसरहरू
४.६ चुनौती
४.७ लक्ष्य
४.८ उद्देश्य

४.९ रणनीतिहरू
४.१० उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य
४.१०.१ उपलब्धि
४.१०.२ प्रमुख नतिजा
४.१०.३ कार्यक्रम तथा लक्ष्य
परिच्छेद पाँचः लगानी र स्रोत व्यवस्थापन **97**
५.१ परिचय 97
५.२ वर्तमान अवस्था
५.३ शिक्षामा घरपरिवार र निजी लगानी
५.४ लक्ष्य
५.५ उद्देश्य
५.६ रणनीति
५.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य
५.७.१ उपलब्धि
५.७.२ प्रमुख नतिजा
परिच्छेद छ : योजनाको नतिजा खाका
६.१ परिचय
६.२ योजनाको समग्र नतिजा खाका
६.३ कार्यक्रम नतिजा खाका
**परिच्छेद सातः विद्यालय समायोजन**
७.१ परिचय
७.२ वर्तमान अवस्था
७.३ उद्देश्य
७.४ रणनीति
७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य
अनुसुची १ **119**
सन्दर्भ सामग्रीहरू 119
पालिका भित्रका विद्यालयको विद्यार्थी विवरण २०८१ 120
पालिका भित्रका विद्यालयमा कार्यरत शिक्षक विवरण २०८१
शिक्षामा कार्यरत परियोजना र दातृनिकायको विवरण 123
शिक्षा शाखाको जनशक्ति विबरण 129

# अध्यक्षको भनाइ



बिरुवा गाउँपालिकाले आ.व २०८१।०८२ देखि २०८५।०८६ सम्मको अवधिमा सम्पादन गर्ने गरी पञ्चवर्षीय गाउँ शिक्षा योजना निर्माण गरेकोमा अत्यन्त खुशी लागेको छ । शैक्षिक योजनाले अहिले हामी कहाँ छौं र कहाँ जान चाहन्छौं भन्ने कुराका बीच पुलको काम गर्दछ । आजको शिक्षालाई निश्चित समायवधि भित्र कस्तो बनाउने शैक्षिक गतिविधिहरुलाई कुन दिशा दिने र व्यक्ति र समाजको मागलाई कसरी सम्बोधन गर्ने भन्ने विषयहरु शिक्षा योजनामा समेटिन्छन् । बिरुवा गाउँपालिकामा विगत समयदेखि विभिन्न शैक्षिक गतिविधिहरु सञ्चालन भैरहेतापनि योजनावद्ध समयबद्ध र व्यवस्थित रुपमा सञ्चालन नभैरहेको परिप्रेक्षमा बिरुवाको शिक्षालाई निश्चित दिशा तय गर्नका लागि यो अत्यन्त महत्वपूर्ण दस्तावेज बन्न पुगेको छ ।यस योजना बिरुवा गाउपालिका बासीहरुको सुझाव र सल्लाहमा यहिका बौद्धिक व्यक्तित्वहरुबाट बनेको हुनाले यो थप मौलिक यथार्थपरक र व्यवहारिक छ भन्ने ठानेको छु । यसमा उल्लेख गरिएका शैक्षिक दूरदृष्टि लक्ष्य उद्देश्य रणनीति तथा परिमाणात्मक सूचकहरु प्रभावकारी ढंगले पुरा गर्नका लागि आवश्यक पर्ने नीतिगत, कानूनी र संरचनागत व्यवस्था एवं जनशक्ति तथा साधनस्रोतको कुनैपनि हिसाबले कमि हुन दिइने छैन भन्ने कुरामा म पूर्ण रुपमा विश्वस्त छु । शिक्षामा गरिएको लगानी कहिल्यै खेर जानेछैन र यसको दीर्घकालीन प्रतिफल समाजको रुपान्तरणका लागि आधारशिला हो भन्ने कुरालाई आत्मसात गर्दै गाउँपालिकाले यस क्षेत्रमा लगानी गर्ने कुरालाई प्राथमिकतामा राखेछ ।

अन्तमा यस पञ्चवर्षीय गाउँ शिक्षा योजना निर्माणका लागि अहोरात्र खट्नुहुने गाउँ शिक्षा शाखा प्रमुख लगायतका संपूर्ण कार्यदलका सदस्यहरु सहयोगी निकाय तथा व्यक्तिहरु सबै धन्यवादका पात्र हुनुहुन्छ । बिरुवा गाउँ शिक्षा योजना गाउँपालिकाको शैक्षिक विकासको मूल मार्गदर्शक दस्तावेज तथा आधारशिलाको रुपमा हामी सबैका लागि कोशेढुङ्गा सावित होस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

२०८२ जेठ

सुर्य बहादुर कुंवर
अध्यक्ष

# उपाध्यक्षको भनाइ

बिरुवा गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखाले बिरुवा गाउँपालिकाको ५ वर्षे शैक्षिक योजना प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ । शैक्षिक योजनाहरू कार्यान्वयन निकायको रुपमा रहेको शिक्षा, युवा तथा खेलकुद शाखा सबैका लागि शिक्षा पुऱ्याउन राज्यले गरेका प्रतिवद्धता पूरा गर्नका लागि हालसम्म गाउँपालिकाले हासिल गरेका उपलब्धिहरू र आगामी ५ वर्षमा पूरा गर्ने गरी तयार गरिएका लक्ष्यहरू समेटी ५ वर्षे शैक्षिक योजना निर्माण गर्नु अत्यन्तै सान्दर्भिक छ ।




राज्यले शिक्षा क्षेत्रमा समावेश गरेका नीति तथा कार्यक्रमलाई उचित समयमा सम्पन्न गरी सहजरुपमा सेवा प्रवाह गर्न, कार्यक्रम कार्यान्वयन गर्न र गाउँपालिकाको शैक्षिक क्षेत्रलाई थप उचाईमा पुऱ्याउन शिक्षा, युवा तथा खेलकुद शाखाले अग्रणी भूमिका निर्वाह गरोस् भन्ने शुभकामना दिन चाहन्छु । प्रकाशन हुन लागेको गाउँपालिकाको ५ वर्षे शैक्षिक योजनाले यस गाउँपालिकाले हालसम्म गरेका र भविष्यमा गर्ने शैक्षिक गतिविधिका बारेमा शिक्षा क्षेत्रका सरोकारवाला सबैलाई आवश्यक जानकारी प्रदान गरी शिक्षाको विकासमा सघाउ पुऱ्याउने छ भन्ने विश्वास समेत लिएको छु । अन्त्यमा यस शैक्षिक योजना प्रकाशन तयारीमा विभिन्न रुपमा संलग्न सबैमा हार्दिक धन्यवाद साथै आगामी वर्षहरूमा समेत प्रकाशनको निरन्तरताको लागि शुभकामना व्यक्त गर्न चाहन्छु ।

२०८२ जेठ

भगवती शर्मा
उपाध्यक्ष

# प्रमुख प्रशासकीय अधिकृतको भनाइ

बिरुवा गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले गाउँपालिकाको  शैक्षिक योजना निर्माण गरी प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ ।



मुलुकको सर्वाङ्गीण विकासको मेरुदण्ड मानिने शिक्षा क्षेत्रको विकासबाट मात्र दीगो विकास, सुख, शान्ति र समृद्धिको गन्तव्य हासिल गर्न सकिन्छ । मुलुकको विकासका लागि आवश्यक सबै प्रकारका स्रोत साधन र सम्भावनाहरूको पहिचान, प्राप्ति र समुचित प्रयोग दक्ष र असल नागरिकबाट मात्र सम्भव हुन्छ र यो सबैका लागि शिक्षा क्षेत्रको विकास आवश्यक पर्दछ । संविधानतः माध्यमिक तहसम्मको शिक्षा सम्बन्धी अधिकार र जिम्मेवारी स्थानीय तहलाई प्रदान भएको सन्दर्भमा आफ्नो शिक्षाको स्थानीयकरणका साथै विश्वव्यापीकरण र प्रविधिको वर्तमान युगमा विश्वमा बिक्ने र टिक्ने साथै नैतिकता र राष्ट्रियता आत्मसात गर्ने जनशक्तिको उत्पादन गर्न सक्ने शिक्षा पद्धतिको व्यवस्था गर्नु आजको आवश्यकता हो । हाल विकसित मानिने सबै देशहरूले मानव विकासमा गरेको लगानीको कारण नै सो उपलब्धी हासिल गरेको तथ्यलाई आत्मसात गरिनु पर्दछ । हाल विद्यमान शैक्षिक प्रणालीबाट सिर्जित शैक्षिक बेरोजगारहरूको सङ्ख्या न्यून गर्नको लागि विद्यालय तह देखि नै व्यावहारिक, सीपमूलक र प्राविधिक शिक्षाको व्यवस्था गरीनु आजको माग हो । यही तथ्यलाई आत्मसाथ गरी यस गाउँपालिकाले शिक्षा क्षेत्रमा यथोचित बजेट लगानी गर्दै आईरहेको छ ।

यसरी शिक्षा क्षेत्रको विकास गर्न बिरुवा  गाउपालिकाले  विभिन्न शैक्षिक योजनाहरू तर्जुमा गर्न जरुरी छ । शैक्षिक नीति, कार्यक्रम तथा  योजनाहरूलाई तथ्यपूर्ण र यथार्थपरक बनाउनका लागि र आगामी ५ वर्षमा शैक्षिक क्षेत्रमा थप सुदृढ गरी बिरुवा गाउपालिकाको शिक्षा क्षेत्रमा सुधार गर्नको लागि यस गाउँपालिकाको  शैक्षिक योजना अपरिहार्य हुन्छ । बिरुवा गाउपालिकाको  शिक्षा युवा तथा खेलकुद शाखाले शैक्षिक योजना अत्यन्त मेहनतका साथ निर्माण सम्पन्न गरेको हुँदा यस कार्यमा सहयोग पुर्याउने कर्मचारीहरु तथा  सबै महानुभावहरू प्रति हार्दिक आभार व्यक्त गर्दै यसको पूर्ण सदुपयोग  हुनेछ भन्ने विश्वास लिएको छु , साथै निरन्तर प्रकाशनको कामना पनि गर्दछु ।

२०८२ जेठ

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

# शिक्षा युवा तथा खेलकुद शाखाको भनाइ

शिक्षा समाजको प्रतिविम्बन हो । शैक्षिक अवस्थामा आएको गुणस्तरीय परिर्वतन तथा उपलब्धीले समाज रुपान्तरणको अभियानलाई थप मजबुत बनाउदछ । समतामुलक तथा समावेशी समाज निमार्णका लागि आवश्यक महत्वपुर्ण सामाजिक आधारहरु मध्ये शिक्षा प्रमुख आधार हो । स्थानीय निकायमा रहेका शैक्षिक निकायहरुले समाजको प्रतिनिधित्व गरेका हुन्छन । कक्षा कोठामा हुने गुणस्तरीय शैक्षिक कृयाकलापहरुले भावि दिनमा निमार्ण हुने दक्ष मानववीय स्रोतका लागि आवश्यक आधार तयार पारिरहेको हुन्छ । तसर्थ शैक्षिक योजना निमार्ण तथा कार्यान्वयनले स्थानीय तहमा भइरहेका शैक्षिक कृयाकलापहरुको वास्तविक अवस्था बाहिर ल्याउन र सुधारका लागि आवश्यक कदम चाल्नका लागि सहयोग गर्दछ । सोही अवस्थालाइ सरलीकृत गर्नका लागि बिरुवा गाउँपालिकाले शैक्षिक योजना निमार्ण गरेको छ । यस शैक्षिक योजनाले शैक्षिक क्षेत्रको यथार्थ जानकारी आम सरोकारवालाहरुको वीचमा ल्याउने छ भन्ने अपेक्षा राखेको छु ।



पुनश्चः शैक्षिक योजना निमार्णका लागि आवश्यक समन्वय तथा सहजीकरणका लागि बिरुवा गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, शिक्षक, वि.ब्य.स. पदाधिकारी तथा शैक्षिक सरोकारवालाहरुलाई हृदयदेखिनै धन्यवाद दिन चाहान्छु । योजनाको एकीकृत रुप प्रस्तुत गर्ने प्रथम प्रयास र जमर्को रहेकोले यसमा भएका त्रुटिहरु औंल्याई रचनात्मक सुझाव प्रदान गरिदिनुहुन अपेक्षा गर्दछु ।

२०८२ जेठ

गिरीराज रोका मगर
शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख

## योजना निर्माण कार्यदल

संयोजकः सूर्य बहादुर कुँवर (गाउँपालिका अध्यक्ष)

सदस्यः भेषराज आर्चाय (प्रमुख प्रशासकीय अधिकृत)

सदस्यः नोम बहादुर गुरुङ्ग (सामाजिक विकास संयोजक)

सदस्यः ओमनाथ शर्मा (शिक्षा समिति सदस्य)

सदस्यः बम बहादुर राना (प्र.अ. श्री नवज्योति मा.वि)

सदस्यः टुकनारायण शर्मा (प्र.अ. श्री दिव्यप्रकाश मा.वि.)

सदस्यः साम बहादुर गुरुङ्ग ( प्र.अ.श्री जीवनज्योति मा.वि.)

सदस्यः मित्रलाल पोखल ( प्र.अ. श्री भविष्य निर्माण मा.वि.)

सदस्यः इवराज वाग्ले

सदस्यः राजु प्रसाद वाग्ले

सदस्य सचिवः गिरीराज रोका मगर, शिक्षा शाखा प्रमुख

### लेखन तथा तयारी समुह

श्री गिरीराज रोका मगर — संयोजक

श्री दिपक ढुंगाना — सदस्य

श्री शिव गिरी — सदस्य

श्री ईवराज वाग्ले — सदस्य

श्री भोज बहादुर राना — सदस्य

**विषय विज्ञहरुः**

श्री हेमनारायण चापागाँई

श्री बाबुराम सापकोटा

**अन्यः**

श्री पिताम्बर पोखेल

श्री शंकर चापागाँई

श्री बालकृष्ण पौडेल


**प्रकाशक** :

प्रकाशन प्रति :

सर्वाधिकार :

मुद्रण :

प्रमाणित मिति :

प्रकाशन मिति :

१. विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना** कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यन्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । विभिन्न स्थानीय तहले शिक्षा योजना तयार गर्ने कार्य प्रारम्भ गरेको सन्दर्भमा स्थानीय तह शिक्षा योजना निर्माणका लागि यो ५ वर्षे तयार गरिएको छ ।

२. शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दीगो विकास लक्ष्य सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिकलगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी स्थानीय शिक्षा योजना निर्माण तथा विकासमा सहजीकरण गर्न यो मार्गदर्शन तयार गरिएको हो ।

३. स्थानीय तहमा योजना निर्माणको औचित्य

- तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न

- सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
- कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
- साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
- शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन

४. शिक्षा योजना निर्माणका आधार

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाउनु पर्छ । यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री प्रयोग गरी योजना निर्माण गर्नुपर्छ ।

क) नेपालको संविधान
ख) सोह्रौं आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
ज) विद्यालय शिक्षामा समता रणनीति
झ) दीगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ञ) स्थानीय तथा प्रदेशको तहको आवधिक योजना
ट) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
ठ) स्थानीय तहको मध्यमकालिन खर्च संरचना
ड) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

स्थानीय शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयन सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यक्रमलाई आधार मानि विभिन्न योजनाबिचको अन्तर्सम्बन्ध कायम हुने गरी योजना तर्जुमा हुनुपर्छ। यसका लागि स्थानीय तहअन्तर्गतका विभिन्न विभाग/शाखाहरूसँग पनि समन्वय गर्नुपर्छ। शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकूल सिकाइ वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरण गर्नुपर्ने छ ।

५. शिक्षा योजना निर्माण प्रक्रिया

स्थानीय तह शिक्षा योजनाको निर्माणमा पनि स्थानीय तहले सहभागितामूलक प्रक्रिया नै अवलम्बन गर्नुपर्छ र सोका लागि देहायका विषयलाई ध्यान दिनुपर्छ । योजनाको यस भागमा शिक्षा योजना निर्माणको क्रममा अवलम्बन गरिएका प्रक्रिया देहाय अनुसार रहेका छन ।

क) गाउँ/नगर सभा र गाउँ/नगर कार्यपालिका स्तरीय स्थानीय तहको बैठक

ख) योजना  निर्माण समितिको गठन

ग) स्थानीय तहको शिक्षा क्षेत्रको अवस्था विश्लेषण

घ) गाउँ टोल तथा वडास्तरमा विभिन्न/सरोकारवालावडाध्यक्ष) , विद्यालयका प्रधानाध्यापक र शिक्षक, विद्यालय व्यवस्थापन समिति,  शिक्षक  अभिभावक सङ्घ, अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित सङ्घसस्थालगायत विभिन्न सरकारीगैर/सरकारी सङ्घसंस्था आदि सँग भेला छलफल गरी सुझाव ( सङ्कलन

ङ)   स्थानीय तह तथा  विद्यालय स्तरीय छलफल

च) योजनाको मस्यौदा तयारी

छ) मस्यौदामाथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण

ज) योजनाको अन्तिमीकरण

झ) बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा र सुझाव समायोजन

ञ)  स्थानीय कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्वयन

६. योजनाको लेखाजोखा

स्थानीय तहको शिक्षा योजना निर्माण गरिसकेपछि सो योजना विश्वसनीय वस्तुनिष्ठ ,दीगो र लगानीयोग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनुपर्छजुन योजना कार्यान्वयन गर्नु ,पूर्व गरिने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो  निर्माण भएको योजनाको लेखालोखा कार्यलाई । समबन्धित स्थानीय तहले आन्तरिक र बाहिरकाविभिन्न विषय  क्षेत्रका विज्ञहरूको समिति निर्माण गरी तोकिएका आधारमा योजनाको लेखाजोखा गरिएको छ ।

७. योजना दस्तावेजको स्वरूप

स्थानीय तहले यस योजनाको स्वरूपलाई अनुसूची ।।।बमोजिमको ढाँचामा आधारित भई तयार गरिएको छ । अनुसूचीमा योजनासंग सम्बन्बिध ढाचा प्रस्तुत गरिएको छ ।

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार रहने व्यवस्था गरेको छ। यस संविधानले शिक्षासम्बन्धी केही हक तथा प्राथमिकताहरू स्थापित गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ।यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यससम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा आएको छ भने बालबालिकासम्बन्धी ऐन २०७५ ले पनि शिक्षालगायत बालबालिकासम्बन्धी हकहरूलाई प्रत्याभूत गरेको छ। नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारले सम्पादन गर्ने गरी २३ वटा अधिकारहरू प्रदान गरेको छ।

सोह्रौं पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) ले स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण गर्ने लक्ष्य राखेको छ। सन् २०१५ मा संयुक्त राष्ट्र सङ्घले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दीगो विकास का १७ वटा लक्ष्यमा नेपालले पनि सहमति जनाएको छ भने यसअन्तर्गतको चौथो लक्ष्यले सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको  सुनिश्चितता तथा आजिवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" उद्देश्यसँग सम्बन्धित सातवटा लक्ष्यहरू निर्धारण गरेको छ भने लक्ष्य प्राप्तिका लागि थप तीनवटा माध्यम वा तरिका पनि उल्लेख गरेको छ।

साथै बिरुवा गाउँपालिकाको आवधिक योजना २०८१/८२ देखि २०८५/८६ सम्मले शिक्षा विकासका लागि विभिन्न लक्ष्य तथा उद्देश्य निर्धारण गरेको छ । उक्त लक्ष्य तथा उद्दश्य हासिल गर्नका लागि शिक्षा क्षेत्रको विस्तृत योजना तयार गर्न आवश्यक देखिएको छ ।

विभिन्न समयमा देखा पर्ने प्राकृतिक प्रकोप, महामारी तथा आपतविपतबाट उत्पन्न हुने जोखिमलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील शिक्षा पद्धतिको विकासको आवश्यकतालाई कोभिड-१९ जस्तो महामारीबाट शिक्षा क्षेत्रमा भएको लामो अवरोध तथा गतिहीनताले पनि थप पुष्टि गरेको छ भने यसको प्रभावबाट शिक्षा क्षेत्रमा भएको नोक्सानी घटाई गतिशीलता प्रदान गर्नुपर्ने आवश्यकता पनि रहेको छ।

## १.२ परिचय

बिरुवा गाउँपालिका गण्डकी प्रदेश अन्तर्गत स्याङ्जा जिल्लाको सदरमुकाम स्याङ्जाबजारबाट दक्षिण पूर्वमा पर्दछ। नेपाल सरकारको मिति २०७३/११/२७ को निर्णयले यो गाउँपालिका स्थापना भएको हो । यस गाउँपालिलकाअन्तर्गत साविकका बिरुवाअर्चले, मनकामना, ओरष्टे गा.वि.स. का सबै वडाहरू तथा साविकका गा.वि.स. पेल्काचौरको वडा ३ र ९, राङभाङको ४, ५, ६, ७ र ८ चिन्नेबासको १, २, ३, ४, ५ र ६ तथा किचनासको १, २, ३, ४, ५ र ७ नम्बर वडाहरू पर्दछन्। जम्मा ८ वटा वडाहरू रहेको यस गाउँपालिकाको केन्द्र बिरुवा वजारमा अवस्थित छ जहाँ पुग्नका लागि सिद्धार्थ राजमार्गको राङखोला भन्ने स्थानबाट भित्र करिब १७ किलोमिटरको दूरी तय गर्नुपर्ने हुन्छ ।

जनसंख्या :नयाँ संरचना अनुसार बिरुवा गाउँपालिकामा २०७८ को जनगणना अनुसार १४००१ जनाको बसोबास रहेको छ (पुरुषः ६५१९ र महिलाः ७४१०) ।

घरपरिवार संख्या : ३९५४ (राष्ट्रिय जनगणना २०७८ अनुसार)

क्षेत्रफल :नयाँ संरचना अनुसार बिरुवा गाउँपालिकाको कुल क्षेत्रफल ९५.७९ वर्ग किलोमिटर रहेको छ ।

विद्यालय: मा.वि.:९, आधारभूत विद्यालय (१-५):१७, आधारभूत विद्यालय(१-८): ८, निजी विद्यालयः२, क्याम्पसः१, सामुदायिक बाल विकास केन्द्रः२

१.२.१ भौगोलित अवस्थितिः

पुर्व : हरिनास गाउँपालिका र तनहुँ जिल्लाको शुक्ला गण्डकी नगरपालिका ।

पश्चिम : भिरकोट नगरपालिका र वालिङ नगरपालिका ।

उत्तर : पुतलीबजार नगरपालिका ।

दक्षिण: चापाकोट नगरपालिका र हरिनास गाउँपालिका ।

.......................................................................................................................................................

.........................................................................................................................

## १.२.२ बिरुवा गाउँपालिकाको जनसांख्यिक संरचना

राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकाको कूल जनासंख्या १४००१ रहेको छ । उक्त जनसंख्यामध्ये महिलाको संख्या ७४१० रहेको छ भने पुरूषको जनसंख्या ६५९१ रहेको छ । वडागतरूपमा पालिकाको संरचना देहाय अनुसार रहेको छ ।

**तालिकाः १**

**वडागत जनसंख्या विवरण**

| नयाँ वडा | वडा कार्यालय रहेको स्थान | जनसङ्ख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरूष | |
| १. | बिरुवा | ९६४ | ८६५ | १८२९ |
| २. | अर्चले | ६६८ | ६२६ | १२९४ |
| ३. | खाली | ७०३ | ५८५ | १२८८ |
| ४. | ओरष्टे | १४२२ | १२४७ | २६६९ |
| ५. | किचनास | ७८८ | ७११ | १४९९ |
| ६. | चिन्नेवास | १०९१ | ९९७ | २०८८ |
| ७. | कुसुमभंज्याङ् | ९१४ | ८१४ | १७२८ |
| ८. | ललाङ्ग | ८६० | ७४६ | १६०६ |
| जम्मा जनसङ्ख्या : १४००१ | | | | |
| जम्मा घरधुरीः ३९५४ | | | | |
| जम्मा क्षेत्रफलः ९५.७९% | | | | |

स्रोतः केन्द्रिय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०७८

माथिको तालिका अनुसार यस गाउँपालिकाको जनसंख्या मध्ये मुख्य जातिको रूपमा मगर, गुरुङ्, क्षेत्री, ब्राह्मण, दलित जातिको वसोवास रहेको छ भने ब्राह्मण जातीको जनसंख्या अधिक वसाँइ सराइको दृष्टिकोणबाट यस पालिका बाट बसाइ सरी अन्यत्र जाने जनसंख्याको दर विगत केही वर्षदेखि बढदो क्रममा भएको पाइन्छ ।

## १.२.३ बिरुवा गाउँपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था

पालिकाको समग्र सामाजिक तथा सांस्कृतिक अवस्था विविधताले भरिपुर्ण रहेको छ। मगर, गुरुङ, क्षेत्री, ब्राह्मण, तथा दलित जातीहरुको मुख्य वसोवास रहेका जातीहरुको जातिगत संस्कृतिमा पनि विविधता रहेको छ।

## १.२.४ बिरुवा गाउँपालिकाको शैक्षिक अवस्था

यस पालिकामा पूर्व प्राथमिक कक्षा देखि उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरु सञ्चालनमा रहेका छन् भने साक्षरतादर उल्लेख्य रहेको छ। कुल साक्षरता दर ७९.१ प्रतिशत रहेको छ। जसमा पुरुष साक्षरता ८८.९ प्रतिशत र महिला साक्षरता ७०.५ प्रतिशत रहेको छ।

## १.२.४.१ विद्यालयगत विवरण

यस पालिकामा जम्मा ३२ वटा सामुदायिक विद्यालयहरु २ वटा संस्थागत विद्यालयहरु १ वटा सामुदायिक सिकाइ केन्द्र र समुदायमा आधारित वालविकास केन्द्रको संख्या ३७ वटा रहेको छ। तहगत रुपमा सञ्चालित विद्यालयहरुको विस्तृत विवरण तपसिलमा उल्लेखित गरिएको छ।

**तालिकाः वडागत सामुदायिक विद्यालय विवरण विवरण**

| वडा | प्रि-स्कुल | आधारभूत | | | माध्यामिक | | उच्च शिक्षा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | ECD | कक्षा १-३ | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | | |
| वडा नं १ | ५ | १ | १ | १ | १ | १ | १ | |
| वडा नं २ | ५ | २ | १ | ० | १ | | ० | |
| वडा नं ३ | ४ | ० | १ | १ | १ | १ | ० | |
| वडा नं ४ | ८ | २ | १ | १ | ० | २ | ० | |
| वडा नं ५ | २ | ० | ० | २ | ० | ० | ० | |
| वडा नं ६ | ५ | १ | १ | २ | ० | १ | ० | |
| वडा नं ७ | ४ | ० | १ | २ | ० | १ | ० | |
| वडा नं ८ | ४ | १ | २ | ० | ० | १ | ० | |
| जम्मा | ३७ | ७ | ८ | ९ | ३ | ७ | १ | |

स्रोत : EMIS 2081

### १.२.४.१ विद्यार्थी विवरण

यस पालिका अन्तर्गतका विद्यायमा जम्मा २३२९ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन् । उक्त विद्यार्थीमध्ये तहगत तथा लिंग, जातजातिअनुसारको विद्यार्थी विवरण देहाय अनुसार रहेको छ ।

**तालिकाः विद्यार्थी विवरण**

| कक्षा/तह | जम्मा विद्यार्थी | | | दलित | | | जनजाति | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| पूर्व प्राथमिक | १८५ | २०९ | ३९४ | २३ | ३० | ५३ | १०९ | ११६ | २२५ |
| कक्षा १-३ | २५४ | २४१ | ४९५ | ३९ | ४७ | ८६ | १५८ | १३८ | २९६ |
| कक्षा ४-५ | १६९ | १७२ | ३४१ | २४ | ३९ | ६३ | १०९ | ९१ | २०० |
| कक्षा ६-८ | २४१ | २६७ | ५०८ | ४२ | ४२ | ८४ | १४८ | २१५ | ३६३ |
| आधारभूत तह १-८ | ६६४ | ६८० | १३४४ | १०५ | १२८ | २३३ | ४१५ | ४०३ | ८१८ |
| कक्षा ९-१० | १९२ | १७३ | ३६५ | २६ | ३२ | ५८ | १२९ | १०० | २२९ |
| कक्षा ११-१२ | ११३ | ११३ | २२६ | १३ | १२ | २५ | ७६ | ७९ | १५५ |
| माध्यमिक तह ९-१२ | ३०५ | २८६ | ५९१ | ३९ | ४४ | ८३ | २०५ | १७९ | ३८४ |
| जम्मा विद्यार्थी | ११५४ | ११७५ | २३२९ | १६७ | २०२ | ३६९ | ४२९ | ६९८ | ११२७ |

माथिको तालिका अनुसार पालिका अन्तर्गत अध्ययनरत विद्यार्थीमध्ये दलित विद्यार्थीको संख्या १५.८४ प्रतिशत रहेको, जनजाति विद्यार्थीको ४८.३८ प्रतिशत , अन्य ३५.७६ प्रतिशत रहेको छ । कक्षागत तथा विद्यालय प्रकार अनुसार विद्यार्थीको विस्तृत विवरण अनुसूची १ मा राखिएको छ । अपाङ्गता भएका विद्यार्थीको विवरण देहाय अनुसार रहेको देखिन्छ ।

तालिकाः अपाङ्गता भएका विद्यार्थी विवरण

| कक्षा/तह | जम्मा विद्यार्थी संख्या | | | अपांग विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| पूर्व प्राथमिक | १८५ | २०९ | ३९४ | १ | ५ | ६ |
| कक्षा १-३ | २५४ | २४१ | ४९५ | ० | २ | २ |
| कक्षा ४-५ | १६९ | १७२ | ३४१ | ३ | २ | २ |
| कक्षा ६-८ | २४१ | २६७ | ५०८ | ३ | २ | ५ |
| आधारभूत तह १-८ | ६६४ | ६८० | १३४४ | ६ | ६ | १२ |
| कक्षा ९-१० | १९२ | १७३ | ३६५ | १ | १ | २ |
| कक्षा ११-१२ | ११३ | ११३ | २२६ | ० | १ | १ |
| माध्यमिक तह ९-१२ | ३०५ | २८६ | ५९१ | १ | २ | ३ |
| जम्मा | ११५४ | ११७५ | २३२९ | ८ | १३ | २१ |

*स्रोत : EMIS २०८१*

माथिको तथ्याङ्क विश्लेषणका आधारमा पालिका भित्र  अपाङ्गता भएका विद्यार्थी ०.९० प्रतिशत विद्यार्थी रहेका देखिन्छ।

### १.२.४.२ शिक्षक विवरण

यस पालिकामा स्वीकृत दरवन्दी, राहत अनुदान कोटा तथा शिक्षण सिकाइ अनुदानमा शिक्षककोटाको व्यवस्था रहेको छ । यी शिक्षक पदका लागि संघीय सरकारबाट बजेट उपलब्ध हुने गरेको छ । हाल पालिकामा आधारभूत तह कक्षा १-५ मा शिक्षक विद्यार्थी अनुपात १:६ रहेको, कक्षा ६-८ मा शिक्षक विद्यार्थी अनुपात १:९ रहेको र कक्षा ९-१० मा शिक्षक विद्यार्थी अनुपात १:९ रहेको, कक्षा ११-१२ मा शिक्षक विद्यार्थी अनुपात १:१६ रहेको छ । हालसम्म आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह कक्षा ९-१० तथा कक्षा ११-१२ मा सबै विद्यालयमा आवश्यकता अनुसार विषयगत शिक्षक व्यवस्था हुन सकेको छैन । यस पालिकामा देहाय अनुसारको शिक्षक संख्या रहेको छ ।

**तहगत शिक्षक दरबन्दी विवरण**

| क्र.सं. | तह | स्थायी/अस्थायी दरवन्दी | राहत अनुदान | संघीय अनुदान | प्राविधिक तर्फ | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| १. | बालविकास केन्द्र | ३५ | ० | | ० | ३५ |
| २. | आधारभूत कक्षा १-५ | १२७ | १० | | ० | १३७ |
| ३. | आधारभूत कक्षा ६-८ | ३४ | १४ | ४ | २ | ५४ |
| ४. | माध्यमिक कक्षा ९-१० | २५ | ११ | ३ | २ | ४१ |
| ५ | माध्यमिक कक्षा ११-१२ | ६ | ५ | | ३ | १४ |
| | जम्मा | २२७ | ४० | ७ | ७ | २८१ |

*स्रोत : EMIS २०८१*

माथिको तालिका अनुसार यस पालिकामा शिक्षक दरवन्दि संघीय सरकारबाट उपलब्ध रहेका छन् भने माध्यमिक तहमा शुन्य दरवन्दी संख्या रहेको मा.वि. का लागि माध्यमिक तह शिक्षण सहयोग अनुदान शीर्षकमा जम्मा ३ वटा अनुदान कोटा रहेका छन्।

### १.२.४.३ पालिकाको शैक्षिक सूचक र वर्तमान अवस्था

यस पालिकाका प्रमूख शैक्षिक सूचकहरु देहाय अनुसार रहेका छन् ।

| क्र.सं. | सूचक | तह | आधार वर्ष २०८१ | सूचकको स्रोत | का.स. सूचनाको स्रोत |
|---|---|---|---|---|---|
| १ | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्नादर* (%) | स्थानीय | ११२ | ईमिस २०८० | ईमिस २०८० |
| | | प्रदेश | १००.७ | फ्ल्यास प्रतिवेदन | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | ९९.९ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | १०० | ईमिस २०८० | ईमिस २०८० |
| | | प्रदेश | ८२.२ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | ७६.९ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन |
| २. | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ९९ | ईमिस २०८० | ईमिस २०८० |
| | | प्रदेश | ९४.९ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | ९५.७ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १०९ | ईमिस २०८० | ईमिस २०८० |
| | | प्रदेश | ११३.१ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | ११५.९ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्नादर* (%) | स्थानीय | ९७.५ | ईमिस २०८० | ईमिस २०८० |
| | | प्रदेश | ९५.४ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | ९५.६ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्नादर* (%) | स्थानीय | १०९.७ | ईमिस २०८० | ईमिस २०८० |
| | | प्रदेश | ११७.९ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | १२४.८ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन |

| क्र.सं. | सूचक | तह | आधार वर्ष २०८१ | सूचकको स्रोत | का.स. सूचनाको स्रोत |
|---|---|---|---|---|---|
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर* (%) | स्थानीय | ९० | ईमिस २०८० | ईमिस २०८० |
| | | प्रदेश | ९२ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन २०८० |
| | | राष्ट्रिय | ९८.३ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन २०८० |
| २.६ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउदर* (%) | स्थानीय | ८९ | ईमिस २०८० | ईमिस २०८० |
| | | प्रदेश | ८७.३ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन २०८० |
| | | राष्ट्रिय | ८८.४ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन २०८० |
| २.७ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | १०० | ईमिस २०८० | ईमिस २०८० |
| | | प्रदेश | ९० | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन २०८० |
| | | राष्ट्रिय | ८५.८ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन २०८० |
| २.८ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | ७ | ईमिस २०८० | ईमिस २०८० |
| | | प्रदेश | १४.५ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन २०८० |
| | | राष्ट्रिय | २२.२ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन २०८० |
| २.९ | आधारभूत तह (प्राथमिक कक्षा १-८) कूल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क* | स्थानीय | १०० | ईमिस २०८० | ईमिस २०८० |
| | | प्रदेश | ०.९९ | ईमिस २०८० | ईमिस २०८० |
| | | राष्ट्रिय | १०० | ईमिस २०८० | ईमिस २०८० |
| २.१० | आधारभूत तह (कक्षा १-८) मा खुद भर्नादर* (%) | स्थानीय | ९२ | ईमिस २०८० | ईमिस २०८० |
| | | प्रदेश | ९५.१ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन २०८० |
| | | राष्ट्रिय | ९५.२ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन २०८० |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्नादर (%) | स्थानीय | १०८ | ईमिस २०८० | ईमिस २०८० |
| | | प्रदेश | ११९ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन २०८० |

| क्र.सं. | सूचक | तह | आधार वर्ष २०८१ | सूचकको स्रोत | का.स. सूचनाको स्रोत |
|---|---|---|---|---|---|
| | | राष्ट्रिय | १२१.६ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन २०८० |
| २.१२ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउदर* (%) | स्थानीय | ८१ | ईमिस २०८० | ईमिस २०८० |
| | | प्रदेश | ८४.९ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन २०८० |
| | | राष्ट्रिय | ८६.३ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन २०८० |
| २.१३ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | स्थानीय | ६०.८४ | ईमिस २०८० | ईमिस २०८० |
| | | प्रदेश | - | - | - |
| | | राष्ट्रिय | ४३.७ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन २०८० |
| **३.** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्नादर* (%) | | ५७.८ | ईमिस २०८० | ईमिस २०८० |
| | | | ५८.८ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन २०८० |
| | | | ५६.८ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन २०८० |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्नादर* (%) | | ८० | ईमिस २०८० | ईमिस २०८० |
| | | | ८६.६ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन २०८० |
| | | | ८३.८ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन २०८० |
| ३.३ | माध्यमिक तहमा कूल भर्नादरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | ०.९४ | ईमिस २०८० | ईमिस २०८० |
| | | | ०.९६ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन २०८० |
| | | | ०.९६ | फ्ल्यास प्रतिवेदन २०८० | फ्ल्यास प्रतिवेदन २०८० |

# १.३ शैक्षिक समस्या, चुनौती र अवसरहरू

## १.३.१ शिक्षा क्षेत्रका मुख्य समस्याहरू

क) संविधानले परिकल्पना गरेको निःशुल्क र गुणस्तरिय शिक्षाको पूर्ण प्रत्याभूति गर्न नसक्नु,

क) विद्यालय शिक्षामा समतामुलक पहुच स्थापित हुन नसक्नु,

ग) विषयगत र तहगत रुपमा शिक्षक व्यवस्थापन नहुनु,

घ) शिक्षा सम्वन्धी अधिकारहरु कार्यान्वयनका लागि प्रर्याप्त स्रोत व्यवस्थापन गर्न नसकिनु,

ङ) अपेक्षित विद्यार्थी उपलब्धी हासिल गर्न नसक्नु,

च) विद्यालयमा विद्यार्थी संख्या घट्दै जानु,

छ) आवश्यकता अनुसार दरवन्दी मिलान तथा समायोजन गर्न नसकिनु,

## १.३.२ शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू

क) विद्यालय शिक्षामा अभिभावकहरुको चासो वृद्धि गर्नु।

ख) बढ्दो वसाईसराई र घट्दो जनसंख्या वृद्धीदर।

ग) लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, अपाङ्गता, जातीगत विविधताका कारण समावेशी शिक्षालाई मुर्त रुप दिनु।

घ) वैज्ञानिक शिक्षक दरवन्दी मिलान र वितरण,

ङ) विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाउनु,

च) अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन,

छ) बालमैत्री विद्यालय बनाउनु ।

ज) विद्यालय समायोजन,

झ) शिशु विकास केन्द्र स्थापना, सहजकर्ता र पोषणयुक्त आहारको व्यवस्थापन,

ञ) व्यवहारिक र जीवनउपयोगी शिक्षा प्रदान गर्दै शिक्षा र रोजगारीबीच तालमेल मिलाउनु,

ट) विद्यार्थी टिकाउ दर वृद्धि गर्नु ।

## १.३.३ विद्यालय शिक्षा क्षेत्रका अवसरहरू

क) आधारभुत र माध्यमिक शिक्षाको सम्पुर्ण सञ्चालन र व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई प्राप्त हुनु।

ख) शिक्षा संघ, प्रदेश र स्थानीय सरकार गरी तीनै वटा सरकारको साझा अधिकारको सूचीमा रहनु।

ग) स्थानीय सरोकारवालाहरुको शिक्षामा चासो र चेतनामा वृद्धि हुनु।

घ) दीगो विकास लक्ष्यहरु सँग तादाम्यता हुनु ।

ङ) स्थानीय पाठ्यक्रम मार्फत स्थानीय ज्ञान, सीप तथा भाषा संस्कृतिको प्रवर्द्धन हुनु ।

## १.३.४ शिक्षा योजनाले समेट्ने पक्षहरू

| क्र.सं. | शिक्षा योजनाले समेटेका पक्ष | विश्लेषण |
|---|---|---|
| १ | पहुँच | • सबै बालबालिकाका लागि सम्भावित विकल्पहरुको उपयोग |
| २ | गुणस्तर | • शिक्षक तालिम प्रदान र व्यवहारीक शिक्षामा जोड, |
| ३ | व्यवस्थापन | • सिकाइ अनुकुलका कक्षाकोठाहरु निर्माण, विद्यालयको समग्र शैक्षिक, भौतिक व्यवस्थापन, |
| ४ | क्षमता विकास | • सरोकारवालाहरुलाई तालिम र स्रोत साधनको व्यवस्थापन । |
| ५ | मूल्याङ्कन | • सिकाइ सँगै मुल्याङ्कन र नतिजा विश्लेषण । |
| ६ | सुशासन | • शिक्षण सिकाइमा पुरस्कार र दण्डको सिद्धान्तलाई प्रभावकारी रुपमा कार्यान्वयन, शिक्षक, विद्यार्थी आचारसंहिता निर्माण र सो को कार्यान्वयन, विद्यालयको आधिकारिक सूचना प्रकाशन पोर्टल तयार गरी सो मार्फत विद्यालयका हरेक गतिविधि सार्वजनिक, त्रैमासिक रुपमा सरोकारवालाहरुसँग छलफल र अन्तरक्रिया । |
| ७ | विपदमा सिकाई | • विभिन्न किसिमका प्राकृतिक तथा मानव सिर्जित महामारी तथा प्रकोपहरुमा सिकाईको निरन्तरता |

# परिच्छेद दुई

# दूरदृष्टि, उद्देश्य, रणनीति, उपलब्धि र लक्ष्य

## २.१ परिचय

यस परिच्छेदमा योजनाको दूरदृष्टि ,ध्येय , ,उद्देश्य मुख्य रणनीति तथा नतिजाहरू र योजनाले अवलम्बन गरेको परिवर्तनको सिद्धान्त प्रस्तुत गरिएको छ। दूरदृष्टि ध्येय तथा , उद्देश्यहरू मूलतः नेपालको संविधानले गरेको मार्गदर्शन, नेपाल सरकारले निर्धारण गरेको विकासको दीर्घकालीन सोचको अनुकूलता र दीगो विकास लक्ष्य तथा नेपाल सरकारको सोह्रौं योजना, बिरुवा गाउँपालिकाको प्रथम आवधिक योजनाका प्राथमिकतासँगको सामञ्जस्यतामा आधारित छन् । परिच्छेद २ मा उल्लेख गरिएको स्थानीय शैक्षिक परिवेशको समीक्षा तथा उठान गरिएका मुख्य समस्या, चुनौती तथा अवसरहरूले बिरुवा गाउँपालिकाको विद्यालय शिक्षाको आगामी ५ वर्षको मार्गचित्र पहिचानका लागि आधार तयार गरेका छन् । यस शैक्षिक योजनामा मूल रूपमा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा, व्यवहारिक तथा प्रविधिमैत्री शिक्षण सिकाई, सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइजस्ता कुराहरू समेटिएको छ।

## २.२. दूरदृष्टि

"समृद्ध बिरुवाको आधारः शिक्षाको पहुँच र गुणस्तरमा  सुधार"

## २.३ ध्येय

सक्षम, उत्तरदायी र प्रतिस्पर्धी विद्यालय शिक्षा पद्धतिको विकास गर्दै प्रविधिमैत्री गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

## २.३ उद्देश्य

१. सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामुलक पहुँच र सहभागिता सुनिश्चित गर्ने,
२. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्ने,
३. सबै विद्यालयमा सुरक्षित भौतिक पूर्वाधार निर्माण गरी आपतकालीन अवस्थामा पनि विद्यार्थीहरुले सिक्न पाउने अवसर प्रदान गर्ने ।
४. विभिन्न क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम जनशक्ति उत्पादन गर्ने ।
५. स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण एवम् प्रवर्द्धन गर्ने ।
६. संस्कारी, नैतिकवान, चरित्रवान, राष्ट्रप्रेमी नागरिक तयार गर्ने।

## २.४ रणनीतिहरू

१. सबै बालबालिकालाई शैक्षिक सुविधा तथा समान अवसर प्रदान गर्न विद्यालय नक्साङ्कन गर्ने।

२. आवश्यकतामा आधारित प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमका विभिन्न नमुनाहरू ( जस्तैः घरपरिवारमा आधारित शिशु विकास केन्द्र विकास गरी कठिन भौगोलिक क्षेत्र र अपाङ्गता भएका बालबालिकालाई समेट्ने।)

३. प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रम मार्फत बालविकास केन्द्रमा बालबालिकाहरू भर्ना भएको सुनिश्चित गर्न, हिंसा दुर्व्यवहारबाट सुरक्षित ,राख्न पर्याप्त प्रबन्ध गर्ने र विपद् तथा आपतकालीन अवस्थामा समेत वैकल्पिक सिकाइ व्यवस्था गरी पूर्व प्राथमिक शिक्षालाई निरन्तरता दिने।

४. विद्यालय बाहिर रहेका सबै बालबालिकालाई आधारभूत शिक्षाको पहुँचमा ल्याउन विशेष कार्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने।

५. सबैका लागि निःशुल्क विद्यालय शिक्षा  सुनिश्चित गर्न खास गरी विपन्न, सुविधा बञ्चित, विभिन्न कठिन परिस्थितिमा रहेका तथा अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी हुन सहयोग हुने गरी छात्रवृत्ति प्रणालीको प्रभावकारी कार्यान्वयनमा सुधार ल्याउने।

६. बालबालिकामा रहेको विभिन्न प्रकारका अपाङ्गताको पहिचान गरी आवश्यकतानुसार आवासीय वा गैरआवासीय सुविधासहितको समावेशी वा विशेष सिकाइको प्रबन्ध गर्ने।

७. स्थानीय आवश्यकता, माग र स्रोतका आधारमा स्थानीय समुदायसँगको सहकार्यमा सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार  पुनर्वितरण गरी सामुदायिक सिकाइ केन्द्रलाई सुदृढीकरण गर्ने।

८. शिक्षक निर्देशिका, स्रोत सामग्री, सिकाइ सामग्री , स्वाध्ययन सामग्री , सन्दर्भ सामग्री, विद्युतीय अनलाइन पोर्टलमार्फत सुलभ बनाउने।

९. प्रत्येक सामुदायिक विद्यालयमा सूचना प्रविधि तथा विज्ञान प्रयोगशाला, सिकाइ सामग्री सहितको पुस्तकालय र बुक कर्नर स्थापना गर्ने। प्रविधिको प्रयोगको अवसर बढाउन ज्ञान तथा सीपको विस्तार गरी खोजमूलक शिक्षण सिकाइका लागि अनुकूल वातावरण सुनिश्चित गर्ने।

१०. स्थानीय पाठ्यक्रमको विकास, पाठ्यपुस्तकको पुनर्लेखन तथा कार्यान्वयनका लागि आवश्यक संरचनाको विकास गर्दै स्थानीय स्तरमा अनुगमन तथा पृष्ठपोषण गर्ने।

११. स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकहरूलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने। यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकताअनुसार अनुभवी शिक्षकबाट सहयोग तथा मार्गदर्शन गर्ने पद्धतिको विकास गर्ने।शिक्षकको उपस्थिति, नियमितता

तथा कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जबाफदेही हुने पद्धतिको विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग जोड्ने।

१२. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधारहरू निर्माण गरी विद्यालयलाई बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री, वातावरणमैत्री बनाउने।

१३. अपाङ्गताका प्रकार तथा स्वरूप पहिचान गरी उपयुक्त शैक्षिक विधिमार्फत अपाङ्गता भएका बालबालिकाहरूका लागि विशेष शिक्षाको प्रबन्ध गर्ने।

१४. विद्यालयहरूले आ-आफ्ना विद्यालयको सङ्कटापन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत् योजना तयार गर्ने र विद्यालयको क्षमता विकास गर्ने।

१५. महामारीलगायत आपत्कालीन तथा सङ्कटापन्न अवस्थामा पनि बालबालिकाहरूको शिक्षा पाउने अधिकार प्रत्याभूत भएको सुनिश्चित गर्ने।

१६. पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गर्ने।

१७. विद्यालयमा शैक्षिक नेतृत्वलाई नतिजाप्रति उत्तरदायी बनाउन प्रधानाध्यापक छनोट गर्ने विद्यमान प्रणालीमा सुधार गरि तालिम र वृत्तिविकासको अवसर प्रदान गर्ने।

१८. मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन सूचना प्रविधि प्रयोग गरि एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास र कार्यान्वयन गर्ने।

१९. विद्यार्थी संख्या, भौगोलिक अवस्था, आवश्यकता र औचित्यका आधारमा विद्यालय समायोजन तथा एकिकरण, तह/कक्षा घटाउने  वा बढाउने ।

२०. आवश्यकताका आधारमा विद्यालयमा यातायातको सुविधा व्यवस्था गर्ने तथा आवासीय विद्यालय निर्माण गर्ने ।

२१. प्राविधिक तथा व्यवसायिक शिक्षालाई दीगो व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने ।

२२. शिशु विकास केन्द्रको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने

२३. विद्यालय समायोजन तथा भौतिक व्यवस्थापन, प्रविधिमैत्री  र व्यावहारिक शिक्षा, शिक्षामा गैरसरकारी संस्थासँग साझेदारी कार्यक्रम, भाषा शिक्षण सुधार कार्यक्रम, शिक्षक क्षमता विकास कार्यक्रम, वैकल्पिक शिक्षक व्यवस्थापन, खेलकुद तथा अतिरिक्त क्रियाकलाप, शिक्षक आवास, शिक्षक वृत्तिविकास व्यवस्थापन गर्ने ।

२४. करारमा कार्यरत शिक्षक, राहत तथा अनुदान शिक्षक, बालविकास सहजकर्ता , विद्यालय कर्मचारी र विद्यालय सहयोगी लाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने ।

## २.४ अपेक्षित उपलब्धि

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित हुनेछ।
२. सबै विद्यालयमा न्यूनतम तहगत तथा विषयगत शिक्षक दरबन्दीको व्यवस्था हुनेछ ।
३. विद्यालय तहमा भर्नादर वृद्धि हुने र भर्ना भएका विद्यार्थीमध्ये तह पूरा गर्ने दरमा उल्लेख्य रूपमा सुधार भएको हुनेछ ।
४. प्राविधिक सीप हासिल गर्न चाहने लक्षित विद्यार्थीहरूका लागि गुणस्तरीय, सान्दर्भिक, श्रम बजार अनुकूल र आवश्यकतामा आधारित प्राविधिक शिक्षा प्रदान गर्न सक्ने गरी विद्यालयको क्षमता सुदृढ भएको हुनेछ।
५. सबै युवा तथा प्रौढहरू कार्यमूलक साक्षरता हासिल गरेका हुनेछन् ।
६. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि हुनेछ ।
७. सबै विद्यालयहरूमा व्यवहारकुशल/गैर संज्ञानात्मक सीप ,सामाजिक तथा नागरिक सक्षमतासहित , सान्दर्भिक सिकाइ प्रदान गर्न सक्षम भएको तथा सूचना तथा सञ्चार प्रविधिमा विद्यार्थीहरूको पहुँच वृद्धि हुनेछ।
८. सबै विद्यालयमा योग्य, तालिम प्राप्त, सक्षम, उत्साहित तथा पेसाप्रति प्रतिबद्ध तथा कार्यसम्पादनप्रति जिम्मेवार शिक्षकको व्यवस्था भएको हुनेछ।
९. लैङ्गिकता, जातियता, अपाङ्गता, सामाजिक, भौगोलिक, भाषिक असमानताहरु घटेका हुनेछन्।
१०.सबै विद्यालयहरूमा बालमैत्री,अपाङ्गमैत्री ,, उत्थानशील तथा सुरक्षित वातावरणसहित, भौतिक पूर्वाधार निर्माण भएको हुनेछ।
११. विद्यार्थीको सिकाइप्रति सरोकारवालाहरुलाई उत्तरदायी बनाउने प्रणालीको व्यवस्था भएको हुनेछ।
१२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना मार्फत योजनाको कार्यान्वयनमा प्रभावकारिता तथा सक्षमता सुनिश्चित भएको हुनेछ ।

## २.५ मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

### तालिका २.१

**मुख्य कार्यसम्पादन सूचक तथा लक्ष्य**

| सि.न. | सूचक | एकाइ | आधार वर्ष २०८०/८१ | लक्ष्य २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|
| १. | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | |
| १.१ | कुल भर्नादर | प्रतिशत | १०० | १०० | |
| १.२ | चार वर्षका बालबालिकाहरूको भर्ना अनुपात | प्रतिशत | १०० | १०० | |
| १.३ | न्यूनतम योग्यता पुगेका बालविकास सहजकर्ता | प्रतिशत | १०० | १०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.४ | आधारभूत तालिम प्राप्त बालविकास सहजकर्ता | प्रतिशत | १०० | १०० | |
| १.५ | कक्षा १ का नवप्रवेशी मध्ये प्रा.बा.वि.को अनुभव प्राप्त बालबालिका | प्रतिशत | १०० | १०० | |
| १.६ | आधारभूत मापदण्ड पूरा गरेका बालविकास केन्द्र | संख्या | २० | ३५ | |
| १.७ | बालविकास केन्द्र सञ्चालन | संख्या | ३५ | ३५ | |
| १.८ | बालबालिकाहरूका लागि सिकाइ सामग्री उपलब्ध बालविकास केन्द्र | संख्या | २० | ३५ | |
| १.९ | दिवा खाजा प्राप्त बालबालिका | संख्या | ९७५ | Ecd देखी ८ कक्षा सम्म सवै बालबालिका | |
| १.१० | अभिभावक र व्यवस्थापन समितिलाई अभिमुखीकरण तालिम | संख्या | २ | ७ | |
| १.११ | प्रारम्भिक बालशिक्षामा शैक्षिक पूर्वाधार, सिकाइ क्षेत्र तथा खेल सामग्रीहरूको पूर्वाधार निर्माण | सङ्ख्या | १५ | ३५ | |
| **२** | **आधारभूत शिक्षा** | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | प्रतिशत | १०९ | १०० | |
| २.२ | कक्षा १मा खुद प्रवेशदर | प्रतिशत | ९९ | १०० | |
| २.३ | कुल भर्नादर (१-५) | प्रतिशत | १०९.७ | १०० | |
| २.४ | खुद भर्नादर (१-५) | प्रतिशत | ९७.५ | १०० | |
| २.५ | कुल भर्नादर (१-८) | प्रतिशत | ११३.६ | ९८ | |
| २.६ | खुद भर्नादर (१-८) | प्रतिशत | ९६.६ | ९८ | |
| २.७ | कक्षा १-८ को खुद भर्नादरमा लैङ्गिक समता | अनुपात | १-१ | १-१ | |
| २.८ | कक्षा १ मा दोहोऱ्याउने दर | प्रतिशत | ० | ० | |
| २.९ | कक्षा १ मा छाड्ने दर | प्रतिशत | ० | ० | |
| २.१० | कक्षा ८ सम्म टिकाउदर | प्रतिशत | ८१ | ९० | |
| २.११ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | प्रतिशत | १०० | १०० | |
| **३** | **माध्यमिक शिक्षा** | | | | |
| ३.१ | कक्षा ९-१० को कुल भर्नादर | प्रतिशत | ९८.१ | १०० | |
| ३.२ | कक्षा ९-१० को खुद भर्नादर | प्रतिशत | ७८.८ | १०० | |
| ३.३ | कक्षा ९-१२ को कुल भर्नादर | प्रतिशत | ८० | १०० | |
| ३.४ | कक्षा ९-१२ को खुद भर्नादर | प्रतिशत | ५७.८ | ८० | |
| ३.५ | कक्षा ११-१२ को खुद भर्नादर | प्रतिशत | ३८.८ | ५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.६ | कक्षा ९-१२ को खुद भर्नादरमा लैङ्गिक समता | अनुपात | १.०४ | १-१ | |
| ३.७ | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी | संख्या | लक्षित समुह सबै | लक्षित समुह सबै | |
| ३.८ | पाठ्यपुस्तक प्राप्त गर्ने विद्यार्थी | संख्या | सामुदायिक विद्यालयमा सबै एवम् संस्थागत विद्यालयमा स्थानीय विषय | सामुदायिक विद्यालयमा सबै एवम् संस्थागत विद्यालयमा स्थानीय विषय | |
| ३.९ | प्राविधिक धारका विद्यालय | संख्या | २ | ३ | |
| ३.१० | नमुना विद्यालय | संख्या | ० | १ | |
| ४ | **विद्यालय व्यवस्थापन र नियमन** | | | | |
| ४.१ | २०५ दिन पठनपाठन भएको सुनिश्चित भएका विद्यालय | सङ्ख्या | ३५ | सम्पूर्ण विद्यालय | |
| **५** | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | |
| ५.१ | डिजिटल तथा वित्तीय साक्षरता कक्षा सञ्चालन | | ० | १० | |
| ५.२ | सामुदायिक पुस्तकालय एवम् सिकाइ केन्द्र सञ्चालन तथा सहयोग | | १ | १ | |
| ६ | **पाठ्यक्रम र मूल्याङ्कन** | | | | |
| ६.१ | राष्ट्रिय पाठ्यक्रम तथा प्रारूप २०७६ अनुसार विकास भएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको अभिमुखीकरण तथा कार्यान्वयन | प्रतिशत | १०० | १०० | |
| ६.२ | स्थानीय पाठ्यक्रम विकास | सङ्ख्या | ८ | ८ | |
| ६.३ | सिकाइ उपलब्धि परीक्षण | सङ्ख्या | १ | २ | |
| ६.४ | स्थानीय पाठ्यपुस्तक विकास | सङ्ख्या | १४०० | १६०० | |
| ७ | **शिक्षक विकास र व्यवस्थापन** | | | | |
| ७.१ | महिला शिक्षक प्रतिशत (आधारभूत तह) | प्रतिशत | ६०.८४ | - | |
| ७.२ | महिला शिक्षक प्रतिशत (माध्यमिक तह) | प्रतिशत | १९.६४ | - | |
| ७.३ | शिक्षक क्षमता विकास तालिम | प्रतिशत | ९० | १०० | |
| ७.४ | व्यवस्थापन तालिम | प्रतिशत | ९० | १०० | |
| ७.५ | शिक्षक सहयोग समूह गठन र परिचालन | समूह | ५ | ८ | |
| ७.६ | शिक्षक सहयोग र पृष्ठपोषण पद्धतिको विकास | पटक | ३ | ३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| **८** | **सूचना तथा सञ्चार प्रविधि** | | | | |
| ८.१ | पूर्वाधार विकास | विद्यालय | ३५ | सम्पूर्ण विद्यालय | |
| ८.२ | इन्टरनेट कनेक्टिभिटी | विद्यालय | ३४ | सम्पूर्ण विद्यालय | |
| ८.३ | सूचना प्रविधि ल्याब | विद्यालय | १० | १५ | |
| ८.४ | सूचना प्रविधि सम्बन्धित क्षमता विकास | प्रतिशत | १०० | १०० | |
| **९** | **शासकीय प्रवन्ध तथा व्यवस्थापन** | | | | |
| ९.१ | प्रधानाध्यापकसँग कार्यसम्पादन करार | विद्यालय | ३२ | सम्पूर्ण विद्यालय | |
| ९.२ | कर्मचारीहरूको क्षमता विकास | प्रतिशत | ८० | १०० | |
| ९.३ | प्रतिवेदन प्रणालीको सुदृढीकरण | प्रतिशत | ६५ | १०० | |
| ९.४ | शिक्षा समिति बैठक | सङ्ख्या | ४ | ६ | |
| ९.५ | शिक्षा सम्बन्धी कानुन तथा मापदण्ड विकास | सङ्ख्या | ३ | ५ | |
| ९.६ | विद्यालय सुधार योजना निर्माण | सङ्ख्या | ३२ | सम्पूर्ण विद्यालय | |
| ९.७ | सामाजिक परीक्षण | सङ्ख्या | ३४ | सम्पूर्ण विद्यालय | |
| ९.८ | EMIS व्यवस्थापन र प्रकाशन | सङ्ख्या | ३४ | सम्पूर्ण विद्यालय | |
| ९.९ | विद्यालय कार्यसम्पादन परीक्षण | प्रतिशत | ३० | ९० | |
| **१०** | **शिक्षा क्षेत्रको बजेट प्रतिशत** | | | | |
| १०.१ | पालिकाको कुल बजेटमा शिक्षा क्षेत्रको प्रतिशत | प्रतिशत | ३९.०८ | ४५ | |
| १०.२ | पालिकातर्फको बजेटमा शिक्षा क्षेत्रको प्रतिशत (ससर्त बाहेक) | प्रतिशत | ५.२३ | १० | |

# परिच्छेद तीन
# शिक्षाका मूख्य उपक्षेत्र

## ३.१ पृष्ठभुमि

यस परिच्छेदमा विद्यालय शिक्षाका विभिन्न उपक्षेत्रहरूको स्थिति प्रस्तुत गरिएको छ। यसमा सम्बन्धित उपक्षेत्रबाट उपलब्ध हुने नतिजाका लागि तय गरिएको योजनाका उद्देश्य तथा रणनीतिहरू उल्लेख गरिएको छ। यस योजनामा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बाल (क)शिक्षा तथा विकास[1] (ख) अनौपचारिक (घ) माध्यमिक शिक्षा (ग) आधारभूत शिक्षाशिक्षा तथा सीप विकास[2]। प्रत्येक उपक्षेत्रका लागि योजनाका अपेक्षित उपलब्धि, प्रतिफल, लक्ष्यहरु उल्लेख गरिएको छ ।

## ३.२ प्रारम्भिक बालविकास र शिक्षा

## ३.२.१ परिचय

प्रारम्भिक बालविकास शिक्षा ४वर्ष (४८-६० महिना) बालबालिकाको शारिरीक, सामाजिक, मानसिक, संवेगात्मक, संज्ञानात्मक विकासका साथै कक्षा १ का लागि आवश्यक आधारभूत सिकाइ सीपहरु विकासको तयारीको अवधि हो। नेपालमा प्रारम्भिक बाल शिक्षा विकास तथा शिक्ष उपक्षेत्र अन्तर्गत विभिन्न ढाँचा तथा अवधिमा कार्यक्रम सञ्चालन भईरहेका छन्। जस्तैः प्रारम्भिक बाल विकास केन्द्र घरमा आधारित/विद्यालयमा आधारित पूर्व प्राथमिक शिक्षा समुदाय अन्य। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धित ऐन २०७६, राष्ट्रिय शिक्षा नीति २०७५, र पन्ध्रौ योजना (२०७६/७७-२०८०/८१) ले चार बर्षका बालबालिकाका लागि एक वर्षे प्रारम्भिक बालविकास शिक्षा विकासका कार्यक्रमहरुको सुनिश्चितता गरेको छ। प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति (सन्२०२०-२०३०) ले ४ वर्षका बालबालिकाका लागि प्रारम्भिक बालविकास शिक्षादेखि कक्षा ३ सम्मका बालबालिकाको विकास तथा सिकाइका लागि मार्गचित्र प्रदान गरेको छ। (रा.यो. आ २०७७) माथि उल्लिखित नीतिगत व्यवस्थाबाट कक्षा १ मा भर्ना हुने बालबालिकाहरुले अनिवार्य रुपमा १ वर्षको पूर्व प्राथमिक शिक्षा पूरा गरेको हुनुपर्ने व्यवस्था कार्यान्वयनको विद्यालय शिक्षा क्षेत्र योजनामा आवद्ध गरिएको छ।

## ३.२.२ वर्तमान अवस्था

यस पालिका अन्तर्गत जम्मा ३७ प्रारम्भिक बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन् । उक्त केन्द्रहरुमध्ये सामुदायिक विद्यालयमा आधारित ३५ र संस्थागत विद्यालयमा आधारित २ कक्षा रहेका छन् । शैक्षिक तथ्याङ्क २०८१ अनुसार प्रारम्भिक बालविकास केन्द्रमा विद्यार्थी भर्ना दर ८२.५ प्रतिशत

---

[1] शिक्षा ऐन तथा नियमावलीअनुसार प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा आधारभूत शिक्षाकै अंश हो। प्रारम्भिक सिकाइका लागि प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाको आफ्नै रणनीति तथा क्रियाकलाप भएको हुनाले यसलाई योजनामा कार्यक्रमिक प्रक्रियाका रूपमा छुट्टै उपक्षेत्र मानी प्रस्तुत गरिएको छ।

[2] यसमा विद्यालय शिक्षा क्षेत्र योजनाको क्षेत्रभन्दा बाहिर पनि निरन्तर र जीवनपर्यन्त सिकाइका लागि प्रबन्ध र तयारी पक्ष समेटिन्छ।

पुगेको छ ।

पहुँच तथा सहभागितामा प्रारम्भिक बाल शिक्षा तथा विकासमा प्रशंसनीय प्रगति भएको भए तापनि उल्लेख्य सङ्ख्याका विशेष गरी ,विपन्नग्रामीण तथा सीमान्तकृत र सङ्कटा ,पन्न समुदायका बालबालिका अझै शैक्षिक प्रणालीबाहिर नै छन् । प्रारम्भिक बालविकास तथा शिक्षाको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३.२**

**प्रारम्भिक बाल विकाससम्बन्धी विवरण २०८१**

| सि.नं. | विवरण | सामुदायिक | संस्थागत | कैफियत |
|---|---|---|---|---|
| १ | बालविकास केन्द्र सङ्ख्या | ३५ | २ | |
| २ | विद्यार्थी सङ्ख्या | २७२ | ११८ | |
| ३ | शिक्षक विद्यार्थी अनुपात | १:८ | १:१९.६७ | |
| ४ | कुल भर्नादर | ११५ | | |
| ५ | खुद भर्नादर | ८२.५ | | |
| ६ | सरकारी अनुदानको प्रारम्भिक बालविकास केन्द्र नभएका विद्यालय सङ्ख्या | २ | | संस्थागत |
| ७ | न्यूनतम पूर्वाधार पूरा नभएका बालविकास केन्द्र सङ्ख्या | १० | | |
| ८ | तालिम प्राप्त सहजकर्ता सङ्ख्या | ३४ | | |

माथिको तालिका अनुसार विद्यालय संख्याको आधारमा बालविकास केन्द्र सञ्चालनमा रहेको भएतापनि विद्यार्थी संख्या न्युन रहेको देखिन्छ । सबै बालविकास केन्द्रमा न्युनतम पुर्वाधार समेत पुगेको छैन । पछि थप भएका सहजकर्ताहरुले तालिम प्राप्त गरेका छैनन् । यस पालिकाको वडागतरूपमा बालविकास केन्द्रको वितरण अवस्था तलको तालिका दिइएको छ ।

**तालिकाः वडागत प्रारम्भिक बालविकास केन्द्र**

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | ५ | ५ | ४ | ८ | २ | ५ | ४ | ४ |

माथिका तालिकाबाट हेर्दा प्रारम्भिक बालविकास केन्द्रको वितरण सबै वडामा आवश्यकताको आधारमा भएको देखिन्छ।

## ३.२.३ उद्देश्य

यस योजनाले प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. शिशु विकास केन्द्र स्थापना, संचालन र व्यवस्थापन गर्नु,
२. गुणस्तरीय प्रारम्भिक बाल शिक्षा सुनिश्चित गर्नु,

३. चार वर्ष उमेरका सबै बालबालिकाहरूको बालविकास केन्द्रमा पहुँच सुनिश्चित गर्नु
४. प्रारम्भिक बाल शिक्षा तथा विकासमा सहभागी चार वर्षका सबै बालबालिकाहरूमा शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक विकास तथा विद्यालयका लागि तयारी सुनिश्चित गर्नु।
५. प्रारम्भिक बालविकास तह पूरा गरेको सुनिश्चितता गरि अनुभवसहित सबै बालबालिकाहरूलाई कक्षा १ मा भर्ना गराउनु ।

## ३.२.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अबलम्बन गरिने छ :

१. आवश्यकताको आधारमा शिशु विकास केन्द्रको स्थापना, संचालन र व्यवस्थापन गर्ने
२. प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण तथा आवश्यक भएमा नयाँ स्थानमा प्रारम्भिक बाल विकास केन्द्र कक्षा/स्थापना गर्ने।
३. प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रम मार्फत बालविकास केन्द्रमा बालबालिकाहरू भर्ना भएको सुनिश्चित गर्न, हिंसा दुर्व्यवहारबाट सुरक्षित ,राख्न पर्याप्त प्रबन्ध गर्ने र विपद् तथा आपतकालीन अवस्थामा समेत वैकल्पिक सिकाइ व्यवस्था गरी पूर्व प्राथमिक शिक्षालाई निरन्तरता दिने।
४. प्रारम्भिक बाल शिक्षा तथा विकास सेवाका न्यूनतम मापदण्डको कार्यान्वयन अनुगमन तथा , परिपालना गराउन आवश्यक स्रोत तथा मार्गदर्शन प्रदान गर्ने।
५. प्रारम्भिक बाल विकास केन्द्रको सिकाइ वातावरण (भौतिक तथा शैक्षिक) लाई बालमैत्री , समावेशी लैङ्गिक , तथा अपाङ्गमैत्री बनाउन आवश्यक सहयोग गर्ने ।
६. बालबालिकाको पोषण तथा स्वास्थ्यसम्बन्धी आवश्यकता पूरागर्न विद्यालयमा गुणस्तरिय दिवा खाजाको प्रबन्ध गर्ने
७. सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य र समन्वय गरी सुरक्षित खानेपानी , सरसफाइ तथा स्वच्छता परीक्षण तथा परामर्श सेवा प्रदान गर्ने।
८. प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरूमा व्यक्तिगत सरसफाइ तथा सामाजिक सीप जस्ता समूह सिकाइ अभ्यासको प्रवर्द्धन गर्ने।
९. बालबलिकाहरूको आवश्यकता अनुसार भाषिक विकास तथा सञ्चारका लागि माध्यम भाषाका रूपमा परिचित भाषाको प्रयोगमा सहजीकरण गर्न मातृभाषा / स्थानीय भाषामा स्रोतसामग्रीहरूको विकास गर्ने।
१०. असहाय र अनाथ बालबालिकाहरुको विद्यालय तहको शैक्षिक दायित्व पालिकाले लिने।

## ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने ।

२. पाँच वर्ष पुग्दा सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बाल शिक्षा तथा विकास सेवा पूरा गरी कक्षा १ का लागि तत्पर भएको हुने।

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | ४२३ | ३९० | ३९० | ३९० | ३९० | ३९० |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | २० | २० | २५ | ३० | ३५ | ३५ |

**(ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र. सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | बालविकास केन्द्रको नक्साङ्कन तथा पुनर्वितरण | केन्द्र | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| २ | बालविकास केन्द्रको सबलीकरण | केन्द्र | १५ | २० | २५ | ३० | ३५ | ३५ | ३७ |
| ३ | सहजकर्ताको क्षमता विकास | जना | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३७ |
| ४ | शिशु विकास केन्द्र सहयोगी कार्यकर्ताको दरबन्दी सिर्जना | जना | ० | १ | २ | ३ | ४ | ५ | ५ |
| ५ | बाल उद्यान | संख्या | ८ | १६ | २३ | ३० | ३७ | ३७ | ३७ |
| ६ | बाल सामग्रीहरु | केन्द्र | १५ | २० | २५ | ३० | ३५ | ३५ | ३७ |

# ३.३ आधारभूत शिक्षा

## ३.३.१ परिचय

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन तथा सामाजिक समायोजनमा सहयोग गर्छ र थप सिकाइ तथा माध्यमिक शिक्षाका लागि तयारीको सुनिश्चितता गर्दै आधारभूत ज्ञान, सीप तथा अभिवृत्तिको विकास गर्छ। यसले निरन्तर सिकाइका लागि मार्ग प्रशस्त गर्दै विद्यार्थीहरुको सर्वाङ्गीण विकासका साथै मुलुकको सामाजिक-आर्थिक रुपान्तरणमा सहभागी हुनका लागि सक्षम बनाउँछ। आधारभूत शिक्षाका प्रारम्भिक वर्षहरु कक्षा (१-३)मा बालबालिकाहरुले आधारभुत सिकाइ सीपहरु (व्यवहारकुशल, साक्षरता, गणित) सीप अन्तरवैयक्तिक सीप सिक्छन्। यसले उनीहरुलाई भविष्यको सिकाइमा मद्दत गर्छ। प्रारम्भिक बालविकासको अनुभवसहितको कक्षा १ मा भर्ना भएका बालबालिकाहरुले भविष्यमा बढी सिक्ने सम्भवना देखिएको छ। विद्यालयको तयारीका लागि यो मुख्य सुचक हो ।

नेपालको संविधानले सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्यभूति गरेको छ। सबै बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्नु राज्यो दायित्व हो। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ का अनुसार बालबालिकाहरुलाई विद्यालय पठाउन अभिभावकका साथै तीनै तहका सरकार जिम्मेवार छन्। यस खण्डमा आधारभूत शिक्षाको सन्दर्भ चुनौती तथा अवसरहरुको पुनरावलोकन गरिएको छ।यसका आधारमा उद्देश्य लक्षित प्रतिफल तथा मुख्य क्रियाकलापहरुको रणनीति रुपरेखा प्रस्तुत गरिएको छ।

## ३.३.२ वर्तमान अवस्था

यस पालिकाको आधारभूत तहमा ९६.६ प्रतिशत खुद भर्नादर रहेको छ । यो दर राष्ट्रिय दरभन्दा ३.९ प्रतिशतले बढी रहेको छ । आर्थिक तथा सीमान्तकृत समुदायका दलित जनजाति तथा भौगोलिक रूपमा , दुर्गम अवस्थामा रहेका बालबालिकाहरूको गुणस्तरीय आधारभूत शिक्षामा पहुँच कम छ। आधारभूत तहका विद्यालय जाने उमेर (५-१२) मा ३.४ प्रतिशत बालबालिका अझै विद्यालयबाहिरै छन्। आधारभूत तहमा कक्षा दोहोर्याउने दर ० र छाड्ने दर ९.८९ रहेको छ । विशेष गरी कक्षा १ मा र अरू कक्षामा यो दर बढ्दो छ।लैंङ्गिक अपाङ्गता, आर्थिक, सामाजिक स्तर, जात/जाति स्थान आदिका कारणले यी बालबालिकाहरुको पहुँच तथा सहभागितामा वृद्धि हुन सकेको छैन।

आधारभूत शिक्षामा भर्ना भई अपेक्षित सिकाइ उपलब्धि हासिल हासिल गराउनु सबैभन्दा ठुलो चुनौतीको रूपमा रहेको छ भने प्रारम्भिक कक्षाहरूमा पढाइ र गणितको सिकाइ उपलब्धि न्यून छ। एउटा वाक्य पनि पढ्न नसक्ने वा आधारभूत गणितीय समस्या समाधान गर्न नसक्ने विद्यार्थीको संख्या अधिक रहेको छ ।शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सञ्चालन गरेको विद्यार्थीहरूको उपलब्धि परीक्षण अनुसार तल्लो कक्षाका विद्यार्थीको सिकाइ उपलब्धि विद्यालय क्षेत्र विकास योजनाकाल देखि नै बृद्धि हुन सकेको छैन।

शिक्षक, प्र.अ., वि.व्य.स. पदाधिकारीहरु विद्यार्थीको सिकाइ प्रति उत्तरदायी हुने तथा आधारभूत विद्यालयहरुमा अनुकुल सिकाई वातावरण बनाउन सुनिश्चित गर्ने प्रणालीको विकास हुन आवश्यक छ। विद्यालयहरुमा न्युनतम शिक्षक व्यवस्थापन हुन सकेको छैन। आधारभूत तह कक्षा ६-८ मा न्युनतम विषयगत शिक्षकको व्यवस्था हुन सकेको छैन।

जनसाङ्ख्यिक परिवर्तन, बसाइँसराई, बस्तीको स्वरुपमा आएको परिवर्तका कारण आधारभूत तहका धेरै विद्यालयहरुको नक्शाङ्कन गरी समायोजन गर्न आवश्यक छ। विद्यालयका भौतिक तथा शैक्षिक (अपाङ्गतामैत्री/ लैङ्गिक/बालमैत्री) अवस्था पहुँचयोग्य तथा समावेशी बनाउन थप प्रयास आवश्यक छ। यसै गरी पोषण, पानी, स्वास्थ्यकल्याण तथा सिकाइमा प्रभाव पार्ने सेवाहरुलाई सरसफाइ आदि जस्ता बालबालिकाहरुको विकास, विस्तार तथा एकीकरण गर्नु आवश्यक छ।

यस पालिकामा जम्मा सञ्चालित ३४ विद्यालयमध्ये सामुदियक विद्यालय संख्या ३२ रहेको छ । आधारभूत तह सञ्चालन हुने विद्यालय संख्या २४ रहेको छ । पालिकाको आधारभूत शिक्षासँग सम्बन्धित प्रमूख शैक्षिक सूचकहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ३.२

**आधारभूत शिक्षासम्बन्धी सूचकहरु २०८१**

| सि.नं. | विवरण | संख्या/दर | कैफियत |
|---|---|---|---|
| ४ | कुल भर्नादर (१-५) | १०९.७ | |
| ५ | खुद भर्नादर(१-५) | ९७.५ | |
| ६ | कुल भर्नादर (१-८) | १०८ | |
| ७ | खुद भर्नादर (१-८) | ९२ | |
| ८ | कक्षा ५ पूरा गर्ने दर | १०० | |
| ९ | कक्षा ५ को टिकाउदर | ८९ | |
| १० | कक्षा ८ पूरा गर्ने दर | १०० | |
| ११ | कक्षा ८ को टिकाउदर | ८१ | |
| १२ | विद्यालय बाहिर रहेको आधारभूत तह उमेर समूहको जनसङ्ख्या | ०.९८ | |
| १३ | कक्षा दोहोऱ्याउने दर (१-८) | ० | |
| १४ | कक्षा छाड्ने दर (१-८) | २ | |
| १३ | ३० दिनको तालिम प्राप्त शिक्षक सङ्ख्या | २२४ | |

स्रोत : EMIS २०८१

## ३.३.३ उद्देश्य

१. सबैको लागि समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु।

२. विद्यालयमा भर्ना भएका सबै बालबालिकाहरूलाई न्यूनतम सिकाइ उपलब्धिसहित आधारभूत तहको शिक्षाको पूर्ण चक्र पूरा गर्न सक्षम तुल्याउनु।

३. प्रारम्भिक कक्षाहरूका बालबालिकाहरूको आधारभूत साक्षरता तथा गणितीय सीपको सुनिश्चितता गर्नु।

४. आधारभूत तहमा अध्ययनरत सबै बालबालिकाहरूको सिकाइ उपलब्धि सुधार गर्नु।

५. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गर्नु र विद्यालय पद्धतिलाई समावेशी, उत्थानशील र जवाफदेही बनाउनु।

## ३.३.४ रणनीतिहरू

१. सबै बालबालिकालाई पहुँचयोग्य शैक्षिक सुविधा तथा समान अवसर प्रदान गर्न औचित्यपूर्ण रूपमा विद्यालयको वितरण सुनिश्चित गर्न विद्यालय नक्साङ्कन गर्ने।

२. सबैका लागि निःशुल्क विद्यालय शिक्षा सुनिश्चित गर्न खास गरी विपन्न, सुविधाविहीन, विभिन्न कठिन परिस्थितिमा रहेका, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी हुन सहयोग हुने गरी छात्रवृत्ति प्रणालीको प्रभावकारी कार्यान्वयनमा सुधार ल्याउने।

३. स्थानीय स्वास्थ्यसम्बन्धी र अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य तथा समन्वय गरी आधारभूत तहका बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी विद्यालयमा दिवा खाजाको प्रबन्ध गर्ने।

४. आधारभूत तहका बालबालिकालाई सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य र पोषण शिक्षा प्रदान गर्ने।

५. सबै विद्यालयले बृहत् विद्यालय सुरक्षा मापदण्ड पूरा गर्न विद्यालय सुरक्षाको अवधारणालाई प्रवर्धन गर्ने।

६. कक्षा १-३ को एकीकृत पाठ्यक्रमअनुसार साक्षरता तथा गणितीय सीपको आधारभूत सक्षमतामा सुधार गर्ने।

७. सिकाइ क्रियाकलापमा बालबालिकाहरूको सहभागिताका लागि भौतिक तथा शैक्षिक वातावरण सुधार गरी विद्यालयलाई भय, विभेद, दुर्व्यवहारमुक्त, समावेशी बालमैत्री तथा सुरक्षित बनाउने।

८. विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधताअनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने।

९. विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी सोका आधारमा सिकाइ सहजीकरणको प्रक्रिया तथा जवाफदेहीतामा सुधार गर्ने।

१०. मापदण्डअनुसार पर्याप्त सङ्ख्यामा योग्य, उत्प्रेरित र सक्षम शिक्षक व्यवस्था गर्ने।

११. शिक्षकको अनुपस्थिति वा अन्य कुनै कारणले विद्यार्थीको सिकाइमा पर्ने बाधा न्यून गर्न शिक्षक सहायक, स्वयम् सेवी वा सट्टा शिक्षकबाट कक्षा सञ्चालन गर्ने।

१२.शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई व्यवस्थित गर्न शिक्षकको शैक्षणिक तथा डिजीटल सीपको विकास गर्ने।

१३.आपत्कालीन तथा सङ्कटको परिस्थितिमा सिकाइको निरन्तरता सुनिश्चतता हुने गरी विद्यालयहरूको क्षमता विकास गर्ने।

१४. शैक्षिक निकायको शासकीय पद्धतिमा सुधार गरी विद्यार्थीको नतिजाप्रति जवाफदेही बनाउन विद्यालयहरुको व्यवस्थापकीय क्षमतामा सुधार गर्ने।

१५. विद्यालयमा विद्यार्थीहरुको संख्यामा सुधार नआएमा केही विद्यालयहरुलाई कक्षा घटुवा तथा मर्ज गर्ने।

## ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### (क) उपलब्धि

१. पाँच देखि बाह्र वर्ष उमेर समूहका सबै बालबालिका विद्यालयमा भर्ना भई सबैले आधारभूत शिक्षाको चक्र पूरा गरेका हुनेछन्।

२. विद्यार्थीको समग्र शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार भई आधारभूत तहका सबै विद्यार्थीहरूले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुनेछन्।

३. लैङ्गिक, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, जातिगत, भाषिक पृष्ठभूमि, प्रादेशिक, क्षेत्रीय वा अन्य कुनै पनि आधारमा विद्यार्थीको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा हुने सबै प्रकारका विभेद न्यूनीकरण भएको हुनेछ।

### (ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | ० | ० | ० | ० | ० | ० |
| २ | आधारभूत तह (कक्षा १-५) मा तालिम प्राप्त शिक्षकको सङ्ख्या | १३७ | १३७ | १३७ | १३७ | १३७ | १३७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| ४ | अतिरिक्त कक्षा सञ्चालन | १५ | १९ | २३ | २७ | ३१ | ३५ |
| ५ | विद्यालयको कार्यसम्पादन परीक्षण | ९ | १४ | १९ | २४ | २९ | ३५ |
| ६ | विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण | ४ | ३ | ३ | ३ | ३ | ३ |
| ७ | उत्कृष्ट विद्यालय प्रोत्साहन कार्यक्रम | २ | २ | २ | २ | २ | २ |
| ८ | विषयगत शिक्षकको लागि क्षमता विकास कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ९ | ICT सम्बन्धी थप सबलीकरण विकास कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १० | शिक्षकको मागमा आधारित पुर्नताजगी कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ११ | स्वास्थ्य, शिक्षा तथा योग अभ्यास | दैनिक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १२ | खोज तथा अनुसन्धानका लागि शिक्षक तथा विद्यार्थी प्रोत्साहन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १३ | मनोसामाजिक परामर्श | ० | सुरुवात गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १४ | Happy School | ० | सुरुवात गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १५ | विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम | ४ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १६ | STEM कार्यक्रम | ० | ३ | ४ | ५ | ६ | ८ |
| १७ | Book Free Friday | १ | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| १८ | विपन्न तथा असहाय विद्यार्थीहरुका लागि छात्रवृत्ति | सबै | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | ० | ७ | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | | |
| २ | मापदण्डअनुसार शिक्षक व्यवस्थापन | | ० | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | | |
| ३ | न्युनतम भौतिक पूर्वाधार पूरा गरेका विद्यालय संख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | - | |
| ४ | विद्यार्थीहरुको सिकाई उपलब्धी | औसत | २.५ जि.पि.ए. | २.८ जि.पि.ए. | ३.२ जि.पि.ए. | ३.४ जि.पि.ए. | ४ जि.पि.ए. | ४ जि.पि.ए. | | |
| ५ | शिक्षकको पेसागत क्षमता विकास | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | विद्यार्थी प्रोत्साहन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | अतिरिक्त कक्षा सञ्चालन | १५ | १९ | २३ | २७ | ३१ | ३४ | ३४ | ३४ | |
| ६ | विद्यालयको कार्यसम्पादन परीक्षण | ९ | १४ | १९ | २४ | २९ | ३४ | ३४ | ३४ | |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण | ४ | ३ | ३ | ३ | ३ | ३ | ३ | - | |
| ८ | उत्कृष्ट विद्यालय प्रोत्साहन कार्यक्रम | २ | २ | २ | २ | २ | २ | १२ | २४ | |
| ९ | विषयगत शिक्षकको लागि क्षमता विकास कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १० | ICT सम्बन्धी विकास कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | शिक्षकको मागमा आधारित पुर्नताजगी कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १२ | स्वास्थ्य शिक्षा तथा योग अभ्यास | दैनिक | दैनिक | दैनिक | दैनिक | दैनिक | दैनिक | दैनिक | दैनिक | |
| १३ | खोज तथा अनुसन्धानका लागि शिक्षक तथा विद्यार्थी प्रोत्साहन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १४ | मनोसामाजिक परामर्श | सुरुवात गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १५ | Happy School | सुरुवात गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १६ | विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम | ४ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १७ | STEM कार्यक्रम | ० | ३ | ४ | ५ | ६ | ८ | ८ | सबै | |
| १८ | Book Free Friday | १ | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ | |
| १९ | विपन्न तथा असहाय विद्यार्थीहरुका लागि छात्रवृत्ति | सबै | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

# ३.४ माध्यमिक शिक्षा

## ३.४.१ परिचय

माध्यमिक शिक्षा कक्षा (९-१२) ले आधारभुत मुल्य मान्यता सहितको कला, विज्ञान तथा प्रविधिसँग सम्बन्धित ज्ञान, सीप, दृष्टिकोण तथा व्यवहारयुक्त जनशक्तिको विकास गर्ने लक्ष्य लिएको छ। यस तहको शिक्षाले नागरिकलाई विश्वबजामा प्रवेश गर्न र उच्च शिक्षा हासिल गर्न सक्षम बनाउने आधार प्रदान गर्छ। यसै दृष्टिकोणका आधारमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, को विकास गरी यसका आधारमा २०७७ देखी नयाँ पाठ्यक्रमको कार्यान्वयन गरियो। नेपालको संविधानले माध्यमिक शिक्षा निःशुल्क पाउने आधिकारको प्रत्याभूतिका साथै सबै नागरिकलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सरकारका तीनै तहलाई जिम्मेवार बनाएको छ।

## ३.४.२ वर्तमान अवस्था

माध्यमिक शिक्षामा विद्यार्थी भर्ना तथा प्रतिस्पर्धामा उल्लेख्य प्रगति भएको भएतापनि माध्यमिक तहको उमेर (१३-१६) बर्षका ठुलो सङ्ख्या अझै पहुँचबाहिर छ। माध्यमिक शिक्षामा विशेष गरी न्यून सामाजिक-आर्थिक अवस्था दुर्गम क्षेत्रका बालबालिकाको/सीमान्तकृत ,दलित समुदायका किशोरी ,अपाङ्गता , नेपाली ,सहभागिता तथा टिकाउदर कम छ। माध्यमिक तहको सबै कक्षाका परीक्षाको नतिजाले गणित र विज्ञान जस्तामुख्य विषयहरूमा न्यूनतम सिकाइ उपलब्धि पनि हासिल नगरेको देखाएको छ ,शैगुपके) ।(२०२०

दीगो जीवनयापनका लागि शिक्षाको सान्दर्भिकता अभिवृद्धि गर्न माध्यमिक शिक्षामा जीवनोपयोगी सिकाइ लाई एकीकृत गर्न आवश्यकता देखिएको छ। सोहीअनुसार शिक्षकलाई शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको व्यापक तथा प्रभावकारी रूपमा प्रयोग गरी नयाँ ज्ञान ,सीपतथा प्रविधि युक्त बनाउनुपर्छ। विद्यालय क्षेत्र विकास योजनाको अवधिमा माध्यमिक विद्यालयहरूलाई शिक्षण सहयोग अनुदानअन्तर्गत उपलब्ध गराइएको अङ्ग्रेजी गणित र विज्ञान विषयका ,शिक्षक सङख्या अपर्याप्त छ। विद्यालय शिक्षा क्षेत्र योजनाअन्तर्गत यी पदहरूलाई स्थायी पदमा रूपान्तरण गर्नु आवश्यक छ। भौतिक सुविधा , प्रयोगशालालगायतका कारण पहुँचमा सुधार आएको भएतापनि ठुलो सङ्ख्यामा विद्यालयहरूमा यी सुविधा पुर्याउन बाँकी नै छ।

विद्यालयबाहिर रहेका माध्यमिक विद्यालय उमेरका बालबालिकाहरू विशेष गरी कमजोर सामाजिक आर्थिक-दुर्गम क्षेत्रका बालबालिकाको सहभागिता तथा/सीमान्तकृत ,दलित समुदायका किशोरी ,अपाङ्गता ,अवस्था उनीहरूलाई टिकाइराख्ने कार्य चुनौतीपूर्ण छ।

निरन्तर कमजोर विद्यार्थी सिकाइ उपलब्धि माध्यमिक तहमा प्रमुख चुनौतीको रूपमा रहेको छ। आवश्यक सिकाइ तथा सीप र सिकाइका लागि उपयुक्त भौतिक तथा शैक्षिक वातावरणबिना नै विद्यार्थीहरू माध्यमिक शिक्षामा स्थानान्तरण हुन्छन्। माध्यमिक विद्यालयहरूमा सक्षम तथा योग्य विषय शिक्षकहरूको आवश्यक सङ्ख्यामा व्यवस्था गर्न सकिएको छैन।

यस पालिकामा जम्मा सञ्चालित ३४ विद्यालयमध्ये सामुदियक विद्यालय संख्या ३२ रहेको छ । माध्यमिक तह सञ्चालन हुने विद्यालय संख्या १० रहेको छ । पालिकाको माध्यमिक शिक्षासंग सम्बन्धित प्रमूख शैक्षिक सूचकहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

माध्यामिक शिक्षाको वर्तमान अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३.४**

| सि.नं. | विवरण | संख्या/दर | कैफियत |
|---|---|---|---|
| १ | कुल भर्नादर (९-१०) | ९८.१ | |
| २ | खुद भर्नादर(९-१०) | ७८.८ | |
| ३ | कुल भर्नादर (९-१२) | ६३.१ | |
| ४ | खुद भर्नादर(९-१२) | ५७.८ | |
| ५ | कक्षा १० पूरा गर्ने दर | ५५.०४ | |
| ६ | कक्षा १० को टिकाउदर | ७५ | |
| ७ | शिक्षक विद्यार्थी अनुपात (९-१२) | १:१५ | |
| ८ | विद्यालयबाहिर रहेको माध्यमिक तह उमेर समूहको जनसङ्ख्या | १० | |
| ९ | कक्षा दोहोऱ्याउने दर (९-१०) | १.५ | |
| १० | कक्षा छाड्ने दर (९-१२) | १५.४ | |
| ११ | तालिम प्राप्त माध्यमिक शिक्षक प्रतिशत | ७१.६९ | |

स्रोत : EMIS २०८१

## ३.४.३ उद्देश्य

१. माध्यमिक शिक्षाको उमेर समूहका सबै बालबालिकाको शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु।

२. माध्यमिक शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्नु।

३. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गर्नु र विद्यालय शिक्षा पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु।

## ३.४.४ रणनीतिहरू

१. निर्धारित मापदण्डका आधारमा विद्यालय नक्साङ्कन गरी विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी माध्यमिक शिक्षालाई उमेर समूहका सबै बालबालिकाको पहुँचमा पुऱ्याउने।

२. सबैका लागि निःशुल्क माध्यमिक शिक्षाका साथै विपन्न, सुविधा विहीन, सङ्कटापन्न, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी हुन सहयोग हुने गरी छात्रवृत्ति प्रणालीलाई सुदृढ बनाउने।

३. बालबालिकामा रहेको विभिन्न प्रकारका अपाङ्गताको पहिचान गरी आवश्यकतानुसार आवासीय वा गैरआवासीय सुविधासहितको समावेशी वा विशेष सिकाइको प्रबन्ध गर्ने।

४. शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्ने।

५. राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुरूप सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनका लागि व्यवहारकुशल सीपहरूलाई सिकाइ क्रियाकलापमा एकी कृत गर्न प्रयोगात्मक अभ्यास, परियोजना कार्य तथा सामुदायिक कार्य समावेश गर्ने ।

६. शिक्षक तयारी, विकास र सहायता प्रणालीलाई पुनर्संरचित गर्ने र मापदण्डअनुसार विज्ञान र गणित विषयमा आवश्यक सङ्ख्यामा योग्य र सक्षम शिक्षक व्यवस्था गर्ने ।

७. विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याउने र विद्यालयलाई गुणस्तरीय खानेपानी, सरसफाइ, महिनावारी व्यवस्थापन सुविधालगायतका स्वास्थ्य सुविधा तथा विज्ञान तथा सूचना प्रविधिसहित सिकाइमैत्री बनाउने।

८. निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जबाफदेहिता सुनिश्चत गर्ने र सुधारका क्षेत्र पहिचान गर्ने।

९. आपत्कालीन तथा सङ्कटको परिस्थितिमा सिकाइका लागि वैकल्पिक व्यवस्था गर्ने।

१०. पातला बस्ती र जनसङ्ख्या कम भएका क्षेत्रमा माध्यमिक शिक्षाको पहुँच र सहभागिता सुनिश्चित गर्न आवासीय सुविधाको प्रबन्ध तथा यातायातको व्यवस्था गर्ने।

११. विद्यालयको व्यवस्थापकीय पद्धतिमा सुधार गरी सरोकारवाला पक्षहरुलाई विद्यार्थीको नतिजाप्रति जवाफदेही बनाउने।

१२. शिक्षकको अनुपस्थिति वा अन्य कुनै कारणले विद्यार्थीको सिकाइमा पर्ने बाधा न्यून गर्न शिक्षक सहायक, स्वयम् सेवी वा वैकल्पिक शिक्षकबाट कक्षा सञ्चालन गर्ने।

## ३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

## (क) उपलब्धि

१. माध्यमिक तहमा भर्नादर वृद्धि हुने र भर्ना भएका विद्यार्थीमध्ये उक्त तहको शिक्षाको चक्र पूरा गर्ने दरमा उल्लेख्य रूपमा सुधार भएको हुनेछ।

२. सबै विद्यार्थीहरूले माध्यमिक तहका लागि निर्धारित न्यूनतम शैक्षिक उपलब्धि हासिल गरेका हुने र विद्यार्थीको शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार भएको हुनेछ।

३. लैङ्गिक, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, जातिगत, भाषिक पृष्ठभूमि, प्रादेशिक, क्षेत्रीय वा अन्य कुनै पनि आधारमा विद्यार्थीको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धि जस्ता सबै प्रकारका विभेद न्यूनीकरण भएको हुनेछ।

## (ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क.सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | ३६५ | ३६५ | ३८० | ३९० | ४०० | ४३० |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | २२६ | २२६ | २५० | ३०० | ३५० | ४०० |
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | ६ | ६ | १ | १५ | २० | ५० |
| ४ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड(MEC) पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | १० | १० | १० | १० | १० | १० |
| ५ | अतिरिक्त कक्षा सञ्चालन | १५ | १९ | २३ | २७ | ३१ | ३५ |
| ६ | विद्यालयको कार्यसम्पादन परीक्षण | ९ | १४ | १९ | २३ | २८ | ३२ |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण | ४ | ७ | १० | १३ | १७ | २० |
| ८ | उत्कृष्ट विद्यालय प्रोत्साहन कार्यक्रम | २ | ४ | ६ | ८ | १० | १२स |

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| ९ | विषयगत शिक्षकको लागि क्षमता विकास कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १० | ICT सम्बन्धी विकास कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ११ | शिक्षकको मागमा आधारित पुर्नताजगी कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १२ | स्वास्थ्य, शिक्षा तथा योग अभ्यास | दैनिक | दैनिक | दैनिक | दैनिक | दैनिक | दैनिक |
| १३ | खोज तथा अनुसन्धानका लागि शिक्षक तथा विद्यार्थी प्रोत्साहन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १४ | मनोसामाजिक परामर्श | सुरुवात गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १५ | Happy School | सुरुवात गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १६ | विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम | ४ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १७ | STEM कार्यक्रम | २ | ३ | ४ | ६ | ८ | १० |
| १८ | Book Free Friday | १ | ३४ | ३४ | ३४ | ३४ | ३४ |

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १९ | विपन्न तथा असहाय विद्यार्थीहरुका लागि छात्रवृत्ति | लक्षित वर्ग सबै | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | | ० | ० | ० | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | | |
| २ | मापदण्डअनुसार शिक्षक व्यवस्थापन | | ० | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | | | |
| ३ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | सबै | - | - | - | - | - | | | |
| ५ | अतिरिक्त कक्षा सञ्चालन | १५ | ३ | ४ | ४ | ४ | ४ | ३४ | ३४ | |
| ६ | विद्यालयको कार्यसम्पादन परीक्षण | ९ | ५ | ५ | ५ | ५ | ५ | ३४ | ३४ | |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण | ४ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | |
| ८ | उत्कृष्ट विद्यालय प्रोत्साहन कार्यक्रम | २ | २ | २ | २ | २ | २ | १२ | २४ | |
| ९ | विषयगत शिक्षकको लागि क्षमता विकास कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १० | ICT सम्बन्धी विकास कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | शिक्षकको मागमा आधारित पुर्नताजगी कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १२ | स्वास्थ्य, शिक्षा तथा योग अभ्यास | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| १३ | खोज तथा अनुसन्धानका लागि शिक्षक तथा विद्यार्थी प्रोत्साहन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १४ | मनोसामाजिक परामर्श | संख्या | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | |
| १५ | Happy School | सख्या | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | |
| १६ | विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम | ४ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १७ | STEM कार्यक्रम | २ | ३ | ४ | ६ | ८ | १० | १० | १० | |
| १८ | Book Free Friday | १ | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ | |
| १९ | विपन्न तथा असहाय विद्यार्थीहरुका लागि छात्रवृत्ति | सबै | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २१ | समुदायसँग विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

# ३.५ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

## ३.५.१ परिचय

नेपालमा माध्यमिक तहमा साधारण र प्राविधि धारको शिक्षा प्रदान गरिन्छ। प्राविधिक धारको कक्षा ९-१२ मा बाली विज्ञान, पशु विज्ञान, कम्प्यूटर इन्जिनियरिङ, सिभिल इन्जिनियारिङ, इलेक्ट्रिकल इन्जिनियरिङ र सङ्गित गरी ६ विषय क्षेत्रहरु छन्। माध्यमिक शिक्षा अन्तर्गतका प्राविधी धारका अतिरिक्त प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट सम्बन्धन प्राप्त प्राविधिक शिक्षा प्रदायक संस्थाहरुद्वारा एसईई पश्चात तीन वर्षे प्राविधिक शिक्षा कार्यक्रम पनि सञ्चालन गरिरहेका छन्। जसले श्रमबजारको मागबमोजिमका प्राविधिक जनशक्ति उत्पादन गर्दछन्। यस योजनामा कक्षा ९-१२ को प्राविधिक धारका कार्यक्रम समेटिएको छ ।

नेपालको संविधान, शिक्षा ऐन र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकतामा राखेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षाको माध्यमबाट न्यून मध्यमस्तरका दक्ष जनशक्ति उत्पादन गरी रोजगारी सिर्जना गर्ने तथा व्यक्तिलाई आत्मनिर्भर बनाउने उद्देश्य राखेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रभावकारिता उपलब्ध जनशक्ति, पूर्वाधार, विद्यार्थी, रोजगारी, पाठ्यसामग्री, आर्थिक लगानी जस्ता कुरामा भर पर्दछ ।

## ३.५.२ वर्तमान अवस्था

**प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपमा पहुँचको अवस्था**

विद्यार्थीहरूलाई आवश्यक पर्ने सक्षमतालाई ध्यान दिई कक्षा ९ देखिको प्राविधिक कार्यक्रमलाई पुनर्संरचित गर्नु आवश्यक छ। राष्ट्रिय शिक्षा नीति २०७६, ले माध्यमिक विद्यालयहरूमा सञ्चालन गरिएको प्राविधिक धार ३ वर्षको हुनुपर्ने र यसका व्यावहारिक तथा प्रयोगात्मक अनुभवसहितको अन्तर्राष्ट्रिय असल अभ्याससँग तादात्म्य भएको हुनुपर्ने उल्लेख गरेको छ। यी कार्यक्रमहरू प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा सञ्चालित प्राविधिक शिक्षाका कार्यक्रमसँग मेल खान आवश्यक छ।

यस पालिकामा २ सामुदायिक विद्यालयमा प्राविधिक धारको पढाइ सञ्चालन भएको छ ।प्राविधिक शिक्षातर्फ विद्यार्थीको घटदो भर्नादर, दक्ष प्रशिक्षकको अभाव तथा टिकाउ, लगानीको कमी तथा स्रोतको सुनिश्चतता नहुनु आदि प्रमूख चुनौतीको रुपमा रहेका छन् । व्यावसायिक तालिम लिन चाहने युवाका लागि तालिम प्रदायक संस्थाको अभाव अर्को प्रमूख चुनौतीको रूपमा रहेको छ

## ३.५.४ उद्देश्य

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा समतामूलक पहुँच अभिवृद्धि गर्नु ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु ।
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाको संस्थागत क्षमता अभिवृद्धि गर्नु ।
४. प्राविधिक तथा व्यवसायिक शिक्षा हासिल गरेका विद्यार्थीहरुलाई स्वरोजगारीको लागि उत्प्रेरित गर्नु।

५. माग र आवश्यकतामा आधारित अल्पकालिन तालिमको व्यवस्था गर्नु ।
६. प्राविधिक तथा व्यवसायिक शिक्षालयलाई आवश्यकताका आधारमा स्तरोन्नती गर्ने ।

## ३.६.५ रणनीति

१. नक्शांकनका आधारमा प्राविधिक शिक्षा प्रदान गर्ने संस्थाको संख्या र अध्यापन हुने विषय निर्धारण गर्ने ।
२. प्राविधिक धारका विद्यालयको संस्थागत क्षमता अभिवृद्धि गर्न आवश्यक पूर्वाधार र उपयुक्त शिक्षकको व्यवस्था गर्ने।
३. राष्ट्रिय योग्यता प्रारूपअनुसार साधारण र प्राविधिक तथा व्यावसायिक शिक्षा बीच गतिशीलता र पारगम्यता सुनिश्चित हुने गरी समतलीय तथा लम्बीय सम्बन्ध विकास गर्ने।
४. प्राविधिक तथा व्यवसायिक शिक्षामा शिक्षकको रुपमा दक्ष जनशक्तिको आकर्षण र टिकाउका लागि नीतिगत व्यवस्था मिलाउने ।

## ३.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### (क) उपलब्धि

१. माध्यमिक तहमा प्राविधिक शिक्षाको आवश्यकता, औचित्य र सम्भाव्यताको अध्ययन गरी प्राविधिक सीप हासिल गर्न चाहने विशेष रूपमा लक्षित विद्यार्थीहरूका लागि गुणस्तरीय, सान्दर्भिक, श्रम बजारअनुकूल र आवश्यकतामा आधारित प्राविधिक शिक्षा प्रदान गर्न सक्ने गरी क्षमता सुदृढ भएको हुनेछ।

### (ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| १ | नक्शांकनका आधारमा प्राविधिक धारका विद्यालय संचालित विद्यालय | २ | - | - | - | - | - |
| २ | प्राविधिक धारमा अध्ययनरत विद्यार्थी संख्या | ५९ | ६४ | ७० | ७५ | ८० | ८५ |
| ३ | व्यावसायिक तालिममा सहभागी संख्या | २३ | ३० | ३५ | ४० | ४५ | ५० |

| क्र.सं. | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| ४ | | | | | | | |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | प्राविधिक धारका विद्यालयको नक्शांकन | | २ | - | - | - | - | - | ४ | |
| २ | प्राविधिक धारतर्फ शिक्षक वृत्ति विकास पद्धति विकास र शिक्षक तालिम सञ्चालन। | २ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | प्राविधिक धारका विद्यालयमा भौतिक संरचना र प्रयोगात्मक सामग्री व्यवस्थापन। | २ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | व्यावसायिक तालिम सञ्चालन | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | | | | | | | | | | |

# ३.६ अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ

## ३.६.१ परिचय

सिकाइ जीवनपर्यन्त चल्ने प्रक्रिया हो। यसका लागि सिकाइका औपचारिक, अरिक्तिक, अनौपचारिक तरिकाले पनि महत्वपूर्ण भुमिका खेल्छ। अनौपचारिक तरिकाबाट व्यक्तिले वैयक्ति तथा सामाजिक विकास, जीविकोपार्जन तथा रोजगारीका लागि आवश्यक पर्ने ज्ञा, सीप तथा विधि वा माध्यममा मात्र सक्षमताहरुको विकास गर्छ। सिकाइ समय सिमित हुनु हुदैन। जीवनपर्यन्त शिक्षा औपचारिक शिक्षा पद्धतिभन्दा भिन्न प्रकृतिको हुन्छ. विगतका दशकहरुमा औपचारिक शिक्षा पद्धति बाहिरिए सँगै सिकाइलाई सहजीकरण गर्ने धेरै प्रकारका कार्यक्रमहरु स्थापित भएका छन्।

अनौपचारिक शिक्षा कार्यक्रमले निरक्षरका लागि साक्षरता तथा साक्षरताको माथिल्लो तहमा जान चाहने र आफ्नो पेसागत तथा व्यावसायिक सीपको विकास गर्न चाहनेका लागि साक्षरोत्तर शिक्षा दुवैलाई समेट्छ। यस उपक्षेत्रले अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइमा पहुँच पुर्याउने तथा सिकाइ संस्कृतिको पर्वद्धन गर्ने रणनीति, प्रतिफल तथा कार्यक्रम प्रस्तुत गर्छ। यसले विद्यालय प्राणाली छोड्ने बालबालिका, किशोर-किशोरीहरुका लगि निरन्तर तथा जीवनपर्यन्त सिकाइका लागि मार्ग प्रदान गर्छ।

## ३.६.२ वर्तमान अवस्था

वि.सं. २०७८ को जनगणना अनुसार बिरुवा गाउँपालिकाको साक्षरता दर ७९.१ प्रतिशत रहेको छ । साक्षरमध्ये महिलाको साक्षरता दर ७०.५ रहेको र पुरुषको साक्षरता दर ८८.९ प्रतिशत छ । पुरूषको तुलनामा महिला साक्षरता दर १८.४ प्रतिशत कम रहेको छ । साथै १५ वर्ष देखि २४ वर्षको साक्षरता दर ९८ प्रतिशत रहेको छ ।

शैक्षिक तथ्याङ्क २०८० का अनुसार यस पालिकाको आधारभूत तहको खूद भर्ना दर ९६.६ रहेको छ । यसले अझै पनि ३.४ बालबालिकाहरु विद्यालय वाहिर रहेको देखिन्छ । हाल १ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेको छ।

विविध कारणबाट विद्यालय भर्ना हुन नसकेका बालबालिका तथा पढन चाहने युवाहरुको पहिचान गरी उनीहरुको आवश्यकता अनुसारको शैक्षिक कार्यक्रम सञ्चालन गर्न चुनौतीपूर्ण रहेको छ ।

## ३.६.३ उद्देश्य

१. कार्यमूलक साक्षरता, खुला तथा जीवनपर्यन्त सिकाइका अवसरहरूको विस्तार तथा विविधीकरण गर्नु।
२. सिकाइ स्थानीय परिवेश र संस्कृति सान्दर्भिक भएको सुनिश्चित गर्न अनौपचारिक शिक्षा, जीवनपर्यन्त तथा खुला सिकाइका लागि संस्थागत सुदृढीकरण गर्नु।

## ३.६.४ रणनीति

१. साक्षर नेपाल अभियान पूरा गर्न सामुदायिक सिकाइ केन्द्र, विद्यालय, गैरसरकारी क्षेत्र, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू परिचालन गर्ने।
२. साक्षरता सिकाइमा रेडियो, टेलिभिजन, मोबाइल, अनलाइनजस्ता सञ्चार प्रविधि, सामुदायिक पुस्तकालय तथा सहभागीमैत्री सामग्री तथा विधिसमेतका आधारमा पहुँचको अभिवृद्धि गर्ने।
३. मौलिक एवम् परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकीकरण एवम् हस्तान्तरणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने।
४. सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरी सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ गर्ने।
५. साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न बनाई समावेशी एवम् समतामा आधारित जीवनपर्यन्त सिकाइ थलोका रूपमा विकास गर्ने।
६. सार्बजनिक पुस्तकालयलाई सामुदायिक सिकाइ केन्द्रसँग आवद्ध गरी सामुदायिक सिकाइ तथा स्रोत केन्द्रको रूपमा विकास गर्ने।
७. अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको मापदण्ड निर्धारण तथा संस्थागत सुदृढीकरण गर्ने।
८. तीनै तहका सरकार तथा अन्य सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा स्वास्थ्य, कृषि, वन तथा वातावरणसम्बन्धी संस्थाहरूमा आबद्ध जनशक्तिका लागि सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा आधारित शिक्षा प्रदान गर्ने नीति निर्माण गर्ने।

## ३.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

### (क) उपलब्धि

१. सबै युवा तथा प्रौढहरू कार्यमूलक हिसाबले साक्षरता हासिल गरेको हुनुका साथै अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि भएको हुने।

### (ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| १ | अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइसम्बन्धी | ३ | ४ | ५ | ६ | ७ | ८ |

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| | खण्डीकृत डाटाबेस | | | | | | |
| २ | सामुदायिक सिकाइ केन्द्र | १ | | २ | ३ | ४ | ४ |
| ३ | सामुदायिक पुस्तकालय/ अध्ययन केन्द्र/ वाचनालय | १ | २ | ३ | ४ | ५ | ६ |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन। | | पूर्ण साक्षरता | - | - | - | - | - | | |
| २ | जीवनपर्यन्त सिकाइसम्बन्धी सरोकारवालाहरूको खण्डीकृत डाटाबेस तयारी। | ३ | ३ | ४ | ५ | ६ | ७ | ७ | | |
| ३ | सामुदायिक सिकाइ केन्द्रको सबलीकरण र सञ्चालन। | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | सामुदायिक केन्द्रमा संयोजक तथा सहयोगीको व्यवस्था र क्षमता विकास। | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | स्थानीय तहमा रहेका समुदायमा आधारित संस्थासँग साझेदारी तथा सहकार्यको स्वरूप तयारी। | - | १ | २ | ३ | ४ | ५ | ६ | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | विद्यालयमा आधारित अभिभावक शिक्षा कार्यक्रम | ६ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | सचेतनामुलक कार्यक्रम | ६ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | सामुदायिक पुस्तकालय/ अध्ययन केन्द्र/वाचनालयको स्थापना तथा सञ्चालन | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | | | | | | | | | | |

# परिच्छेद चार
# अन्तरसम्बिन्धत विषय क्षेत्रहरू

यस परिच्छेदमा आधारभूत तथा माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइमा पहुँच समानता तथा सक्षमतालाई सुनिश्चित गर्ने ,समता ,सहभागिता , महत्त्वपूर्ण अन्तरसम्बन्धित विषय क्षेत्रका रणनीति तथा कार्यक्रमहरु रहेका छन्। यी विषय क्षेत्र निम्नानुसार छन: क) शिक्षक ख) पाठ्यक्रम तथा मूल्यांकन

यी विषय क्षेत्र निम्नअनुसार छन्

-

(क)

(ख) पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षक विकास तथा

(ग) व्यवस्थापन समता तथा समावेशिता विद्यालय (घ)

सुरक्षा तथाआपतकालीन शिक्षा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग (ङ)

(च) विद्यालयको पूर्वाधार विकास। साथै विद्यार्थीको समग्र सर्वाङ्गीण विकासका लागि महत्त्वपूर्ण विषयहरू ,जस्तैः दिवा खाजा ,स्वास्थ्य ,पोषण ,सुरक्षित पानी तथा सरसफाइ , सुरक्षाको विस्तृत रूपमा चर्चा गरिएको छ। यी विषय क्षेत्रका विद्यमान अवस्था अपेक्षित उपलब्धि तथा यसको नतिजा ,रणनीति ,उद्देश्य , तथा लक्ष्य प्राप्तिका लागि अपनाउनुपर्ने क्रियाकलापहरू यहाँ प्रस्तुत गरिएको छ।

## ४.१ पाठ्यक्रम र मूल्याङ्कन

### ४.१.१ परिचय

पाठ्यक्रमले बालबालिकाहरूको शारिरीक, मानसिक, संवेगात्मक, शिक्षण सिकाई, संज्ञानात्मक तथा बौद्धिक लगायत चौतर्फी विकासका लागि सिकाइका विषयहरु तथा सिकाइ उपलब्धिको प्रारूप प्रदान गर्छ। राम्रो पाठ्यक्रमले सैद्धान्तिक, प्राज्ञिक र व्यावहारिक पक्षबिच सन्तुलन कायम राख्छ। यसले विषयवस्तु मात्र नभई सीप तथा सक्षमताको समेत विकास गर्छ। उपयुक्त प्रकारको शिक्षण सिकाइ तथा मूल्यांकन प्रक्रियाले विद्यार्थीहरुको ज्ञान, सीप, अभिवृद्धि गर्न सहयोग गर्छन्। पाठ्यक्रमले शिक्षकलाई बालबालिकाहरु जानकारी सहित सक्रिय भई समाज वा सामाजिक प्रकियामा सहभागी हुन तयार छन् भन्ने कुरामा सुनिश्चित हुन दिशानिर्देश गर्छ। यसले अर्थपूर्ण रोजगारी, आर्थिक कार्यमा संलग्नता सहित दिगो रुपमा जीविकोपार्जन गर्न अगुवाई गर्छ। पाठ्यक्रमले विविध सामाजिक बनोट तथा संस्कृतको संरक्षण गर्दै महिला, बालिका र सुविधविहिन समुदायका लागि गलत संस्कार तथा परम्परा रुपान्तरण गर्न मद्दत गर्छ।

### ४.१.२ वर्तमान अवस्था

विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ को कार्यान्वयन गर्ने सन्दर्भमा २०७७ देखि कक्षा १ र कक्षा ११ मा नयाँ पाठ्यक्रम लागु गरिएको छ । कक्षा १-३ को पाठ्यक्रमलाई अन्तरसम्बन्धित क्षेत्रका आधारमा सक्षमता र विषय क्षेत्र समेटी एकीकृत गरिएको छ। व्यवहारकुशल तथा गैर संज्ञानात्मक सीप तथा जीवनोपयोगी सीपहरुको विकास तथा कार्यान्वयन गरिएको छ। स्थानीय परिवेशमा आधारित पाठ्यक्रम निर्माण गर्न स्थानीय पाठ्यक्रम तयार गरी लागु गरिएको छ।

विषयको प्रकृतिअनुसार प्रयोग, परियोजना कार्य, सामुदायिक कार्यजस्ता प्रयोगात्मक अभ्यासका लागि २५% प्रतिशत भार छुट्याउने प्रावधान गरिएको छ। पाठ्यक्रम प्रारुपले मातृभाषा तथा बहुभाषिक सन्दर्भमा सिकाइ सहजीकरणका लागि स्थानीय भाषामा सिकाउने प्रावधान गरेको छ। यसले कक्षाकोठामा प्रयोग गरिने भाषा र सिकारुको घरमा बोल्ने भाषाबीच तादात्म्यता राख्न सहयोग गर्छ। जसले सिकाइमा आउने बाधालाई पनि हटाउँन सहयोग गर्छ। मूल्यांकनलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रुपमा मानिएको छ र सिकाइका लागि निरन्तर रुपमा पृष्ठपोषण प्रदान गर्न मूल्यांकन एक माध्यमका रुपमा रहने पाठ्यक्रमको नीतिगत व्यवस्था छ।

माध्यमिक तहमा प्राविधिक धारको कार्यान्वयनमा देखा परेको जटिलतालाई हेर्दा बजारको मागअनुसारका सीप हासिल हुने गरी यसमा रहेका अन्तरको विश्लेषण गरी पाठ्यक्रममा सुधार तथा समायोजन/पुर्नसमायोजन गर्नुपर्ने देखिन्छ। आधारभूत तहमा निर्माणात्मक तथा निरन्तर मूल्यांकन, माध्यामिक तहमा आन्तरिक तथा बाह्य मूल्यांकन पद्दति र सार्वजनिक परीक्षाहरु स्तरीकृत गरी परीक्षा तथा मूल्यांकनका क्षेत्रमा विगत वर्षहरुमा विभिन्न सुधारहरु गरिए। कक्षा ५ र कक्षा ८ को परीक्षा पालिकास्तरमा सञ्चालन गर्ने गरिएको छ। विद्यालयमा आधारित परीक्षाका नतिजाको विश्लेषण गर्न र तिनलाई व्यवस्थित रुपमा सिकाइ सुधारमा प्रयोग गर्न शिक्षकहरुलाई उपयुक्त किसिमले तालिम दिनु आवश्यक छ।

सामुदायिक विद्यालयको कक्षा १-१२ मा अध्ययन गर्ने सबै विद्यार्थीले निःशुल्क रुपमा पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरिएको छ। सामुदायिक विद्यालयहरुले पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गर्ने पाठ्यपुस्तकहरु प्रयोग गर्छन् तथापी संस्थागत तथा केही सामुदायिक विद्यालयहरुले निजी क्षेत्रबाट प्रकाशित र पाठ्यक्रम विकास केन्द्रले सन्दर्भ सामाग्रीका रुपमा प्रयोग गर्ने प्रयोजनका लागि सूचीकृत पुस्तकमध्येबाट छनौट गरी पाठ्यपुस्तकका रुपमा प्रयोग गर्छन्। सबै विद्यार्थीलाई समयमै पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था स्थानीय तहबाट हुँदै आएको छ ।

यस पालिकामा मगर भाषी जनसंख्याको वाहुल्यता रहेकोले २ वटा विद्यालयमा मगर भाषामा अध्ययन अध्यापनको व्यवस्था मिलाइएको छ । सीमित स्रोतसाधन तथा सम्बन्धित भाषाका दक्ष जनशक्तिको उपलब्धता मातृभाषाका सामग्रीको विकास र प्रयोगका लागि चुनौतीका रूपमा रहेको छ। बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी उपयुक्त माध्यम भाषा छनोट तथा प्रयोग गर्ने कार्य पनि चुनौतीको रुपमा रहेको छ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विद्यालयमा विकास र विषयगत शिक्षकको व्यवस्थामा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु आवश्यक छ। अपाङ्गता भएका बालबालिकाका लागि समायोजित पाठ्यक्रम तथा सिकाइ सामाग्रीमा अपाङ्गताको प्रकृतिअनुसार अधिकतम लचकता प्रदान गर्ने कार्य पनि चुनौतीपूर्ण छ।

## ४.१.३ उद्देश्य

१. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु ।
२. स्थानीय परिवेशमा आधारित व्यावहारिक तथा जीवनोपयोगी स्थानीय पाठ्यक्रम तथा पाठ्यसामाग्री विकास गरी कार्यान्वयन गर्नु ।
३. परीक्षा एवं मूल्याङ्कन पद्धतिको सुदृढिकरण गर्नु ।
४. सिकाइका लागि मूल्याङ्कन मार्फत परीक्षा एवं उपलब्धी परीक्षण पद्धतिको सुदृढीकरण गर्नु ।

## ४.१.४ रणनीतिहरू

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप ,२०७६ अनुरूप पाठ्यक्रम कार्यान्वयन गर्ने।
२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रबोधीकरण गर्ने ।
३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गर्ने ।
४. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने ।
५. आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने ।
६. स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने ।
७. विद्यालयमा आधारित विद्यार्थी सहयोग पद्धति विकास गर्ने ।
८. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने ।
९. स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिता ,जलवायु परिवर्तन ,हरित विद्यालय निर्माण ,लैङ्गिक पक्ष , वातावरण संरक्षण जस्ताविषयवस्तुलाई प्राथमिकताका साथ समावेश गर्ने ।
१०. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने ।
११. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोग गर्ने।
१२. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

## ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### (क) उपलब्धि

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सीप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुने छ ।
२. जीवनोपयोगी र व्यवहारिक स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुने छ ।

३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।

## (ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३४ |
| २ | परीक्षामा पालिकास्तरीय प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | २७ | २७ | २७ | २७ | २७ | २७ |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | २ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ |
| ५ | उद्यमशिलता र प्रविधिमा जोड | १ | ३ | ४ | ५ | ६ | ८ |
| | | | | | | | |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयनका लागि शिक्षक तालिम सञ्चालन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| २ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | सबै | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ३ | स्थानीय पाठ्यक्रम पुनर्लेखन तथा पाठ्यपुस्तक छपाई | | | १ | | | | | | |
| ४ | | | | | | | | | | |
| | | | | | | | | | | |

# ४.२ शिक्षक व्यवस्थापन र विकास

## ४.२.१ परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ शिक्षकहरूको सक्षमता तथा आवश्यकता निर्धारण गर्ने समग्र प्रारूप हो। योग्य, व्यावसायिक दृष्टिले सक्षम, उत्प्रेरित, प्रतिबद्ध तथा जिम्मेवार शिक्षक शैक्षिक प्रणालीका खम्बा हुन्। नेपालमा शिक्षकको उत्पादन विश्वविद्यालय तथा माध्यमिक तहको कक्षा ११ र १२ सञ्चालित विद्यालयहरूले गर्छन् भने शिक्षक सेवा आयोगले अध्यापन अनुमति पत्र प्रदान गर्नुका साथै रिक्त स्थानमा नियुक्ति गर्न सिफारिस गर्दछ। आयोगले शिक्षकको बढुवासम्बन्धी कार्य पनि गर्छ। आयोगले सिफारिस गरेका व्यक्तिलाई शिक्षा विकास तथा समन्वय इकाइले नियुक्ति र स्थानीय तहसँगको समन्वयमा पदस्थापन गर्छन्। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षक पेसागत विकासका लागि नीति निर्माण गर्छ भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रमाणीकरण र कष्टमाइज्ड तालिमको पाठ्यक्रमहरू विकास गर्छ। प्रदेश शिक्षा तालिम केन्द्रहरूले शिक्षकको क्षमता विकासका तालिम सञ्चालन गर्छन्।

## ४.२.२ वर्तमान अवस्था

यस पालिकामा स्वीकृत दरवन्दि, राहत अनुदान, शिक्षण सहयोग अनुदान र नीजि श्रोतमा जम्मा २४६ जना शिक्षकहरु कार्यरत रहेका छन् । आधारभूत कक्षा १-५ मा १३८ जना, कक्षा ६-८ मा ५४ जना र माध्यमिक तह कक्षा ९-१० मा ४१ जना तथा कक्षा ११-१२ मा १४ शिक्षक दरवन्दि रहेको छ । आधारभूत तह (कक्षा १-५) मा शिक्षक विद्यार्थी अनुपात १:६ आधारभूत तह (कक्षा ६-८) मा शिक्षक विद्यार्थी अनुपात १:९ रहेको छ भने माध्यमिक तह कक्षा (९-१०) मा शिक्षक विद्यार्थी अनुपात १:९, माध्यमिक तह (कक्षा ११-१२) मा शिक्षक विद्यार्थी अनुपात १:१६ रहेको छ । आधारभूत तहको कक्षा ६-८ मा आवश्यक न्युनतम शिक्षक दरवन्दि पुग्न सकेको छैन ।कार्यरत शिक्षकमध्ये सतप्रतिशत शिक्षकहरु तालिम प्राप्त छन् ।

सङ्घीय संरचना कार्यान्वयनमा आएपछि विगतमा कार्यथलो वा कक्षाकोठामा शिक्षकहरूलाई पेसागत सहयोग उपलब्ध गराउन स्थापना गरिएका स्रोतकेन्द्रहरू खारेज गरिए। यी स्रोतकेन्द्रहरूको बिकल्पको रूपमा शिक्षकहरूलाई पेसागत सहयोग गर्न र कार्यरत शिक्षकहरूको अनुभव साटासाट गर्न स्थानीय तह जिम्मेवार रहेको छ । यसका लागि एक गतिशील शिक्षक पेसागत सहयोग प्रणालीको स्थापना गरी शिक्षक पेसागत सहायताको पद्दति कार्यान्वयनमा ल्याउनु आवश्यक छ।

विद्यालय शिक्षा क्षेत्र योजनाले स्थानीय तहमा शिक्षकहरूलाई पेसागत सहयोग गर्न शिक्षकहरूको रोष्टर तयार गरी परिचालन गर्ने कार्यक्रम रहेको छ । शिक्षकको पेशागत सहायता सम्बन्धमा मार्गदर्शनहरु तय भएका छन् । गुणस्तरीय शिक्षाको निर्धारणमा प्रधानाध्यापकको सक्षम नेतृत्व पहिचान गरिएको सन्दर्भमा विद्यालय क्षेत्र शिक्षा योजनामा शिक्षकहरूलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउन प्रधानाध्यापकलाई अझै जिम्मेवार बनाउने लक्ष्य राखेको छ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा सञ्चालन गरिने विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणले नेपाली र गणित

विषयमा विद्यार्थीहरूको उपलब्धि सन्तोषजनक नभएको देखाएको छ भने यस पालिकाको शैक्षिक उपलब्धि पनि धेरै उत्साहजनक रहेको छैन ।

शिक्षक व्यवस्थापन तथा विकासको चुनौतीपूर्ण कुरा भनेको शिक्षणलाई आकर्षक पेसाका रूपमा विकास गर्न नसक्नु हो। हाल प्रतिभावान व्यक्तिहरूलाई यस पेसामा आकर्षित गर्न तथा टिकाउन सकिएको छैन। विश्वविद्यालयका अधिकांश शिक्षक तयारीका कार्यक्रमहरू पर्याप्त विषयवस्तु तथा शिक्षण सीपयुक्त जनशक्ति उत्पादन गर्न नसक्दा क्षमतावान् शिक्षकहरूको आपूर्ति गर्न सकिएको छैन। विद्यमान सेवाकालीन तालिम तथा पेसागत विकासका कार्यक्रमले पनि शिक्षकहरूमा ज्ञान तथा सीप पूर्ण रूपमा सिकाउन सकेको छैन। संघीयता कार्यान्वयन पश्चात् स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीको पनि अभाव देखिएको छ।शिक्षा तालिम केन्द्रहरूको सङ्ख्यामा भएको कटौती तथा पर्याप्त क्षमता नहुनुले पनि चुनौती थपेको छ। शिक्षक पदस्थापनामा रहेको भिन्नता तथा विद्यार्थीको सिकाइ र शिक्षकको कार्यसम्पादन तथा वृत्ति विकासबिच सम्बन्ध कायम गर्न नसक्नुका कारण शिक्षकको उत्प्रेरणा, वृत्ति विकास तथा उत्तरदायित्वमा चुनौती छ।

तालिका

## बिरुवा गाउँपालिका

### शिक्षक दरवन्दी

| क.स | विद्यालयको नाम | वडा | दरवन्दी विवरण | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रा.वि. | | निमावि | | | मा.वि. (९-१०) | | | मा.वि. (११-१२) | | | |
| | | | दरवन्दी विवरण | राहात | दरवन्दी विवरण | राहात | अनुदान | दरवन्दी विवरण | राहात | अनुदान | दरवन्दी विवरण | राहात | अनुदान | |
| 1 | श्री आदिकविजित आ.वि. | २ | २ | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| 2 | श्री वराहजनश्रम मा.वि. | ३ | ६ | ० | ० | २ | ० | ० | ३ | ० | ० | ० | ० | ११ |
| 3 | श्री विद्या विकास आ.वि. | १ | १ | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| 4 | श्री चैतन्य भवानी आ.वि. | ८ | २ | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| 5 | श्री चण्डी आ.वि. | ४ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| 6 | श्री देववाणी आ.वि. | ५ | ४ | ० | ३ | ० | | ० | ० | ० | ० | ० | ० | ७ |
| 7 | श्री धोवादी भञ्याङ आ.वि. | ३ | ३ | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| 8 | श्री जनबाल कल्याण आ.वि. | ६ | ६ | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ८ |
| 9 | श्री जनजागृति आ.वि. १ | 1 | ५ | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ |
| 10 | श्री जनजागृति आ.वि. ६ | ६ | ५ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ६ |
| 11 | श्री जनजागृति आ.वि. ७ | ७ | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ |
| 12 | श्री जनप्रिय पिपल भञ्याङ आ.वि. | ४ | ४ | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ |
| 13 | श्री जनप्रिय मा.वि. | ६ | ६ | ० | ५ | ० | ० | ५ | ० | ० | १ | ० | १ | १८ |
| 14 | श्री जिवनज्योति मा.वि. | ७ | ५ | ० | ४ | ० | ० | ४ | १ | ० | १ | ० | १ | १६ |
| 15 | श्री लाकुरी डाँडा आ.वि. | २ | १ | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| 16 | श्री लोकप्रिय आ.वि. | ६ | ३ | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| 17 | श्री महेन्द्र आ.वि. | ६ | ३ | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| 18 | श्री मनकामना आ.वि. | ८ | २ | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| 19 | श्री नवज्योति मा.वि. | १ | ५ | ० | ६ | ० | ० | ६ | ० | ० | १ | ० | १ | १९ |
| 20 | श्री नवज्योति आ.वि. | ४ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| 21 | श्री पानधारा आ.वि. | ८ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| 22 | श्री प्रभात आ.वि. | ७ | ४ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ |
| 23 | श्री अरनिको मा.वि. | ३ | ४ | १ | ४ | ० | ० | ४ | १ | ० | १ | | | १५ |
| 24 | श्री भविष्य निर्माण मा.वि. | ४ | ७ | ० | ३ | १ | ० | १ | २ | ० | १ | ० | १ | १६ |
| 25 | श्री भुरुङ्चौकी मा.वि. | ८ | ८ | ० | ० | ४ | ० | ० | ० | ३ | ० | ० | ० | १५ |
| 26 | श्री दिपेन्द्रदोय आ.वि. | ७ | २ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| 27 | श्री दिव्यप्रकाश मा.वि. | ४ | ६ | १ | ५ | ० | ० | ५ | ० | ० | १ | ० | १ | १९ |
| 28 | श्री जामुनेडाँडा मा.वि. | २ | ५ | १ | ३ | १ | ० | ० | ४ | ० | ० | ० | ० | १४ |
| 29 | श्री खुदी आ.वि. | ४ | ५ | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ७ |
| 30 | श्री किचनास आ.वि. | ५ | ६ | ० | ० | ४ | | ० | ० | ० | ० | ० | ० | १० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 31 | श्री श्यामपोखरी आ.वि. | २ | १ | १ | | | | ० | ० | ० | ० | ० | ० | २ |
| 32 | श्री सिद्धमण्डली आ.वि. | ३ | ५ | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ७ |
| | **जम्मा** | | १२७ | 10 | ३३ | १४ | ३ | २५ | ११ | ३ | ६ | ० | ५ | २३७ |

## ४.२.३ उद्देश्यहरू

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहशगत, कक्षागत, तथा विषयगत शिक्षकको व्यवस्थापन गर्नु ।

२. शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्दै शिक्षाको गुणस्तर र सिकाइ उपलब्धीमा सुधार गर्नु।

३. शिक्षकका लागि निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु।

४. शिक्षक कार्यसम्पादनको मूल्याङ्कनको आधारमा प्रोत्साहन तथा वृत्ति विकासका अवसरहरूमा सुधार र विद्यार्थीको सिकाइप्रति जबाफदेही हुने पद्धतिको विकास गरी सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षक तयार गर्नु।

## ४.२.४ रणनीतिहरू

१. तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने ।

२. शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सीप विकास लगायतका विषयमा सेवाकालीन तालिम सञ्चालन गर्ने ।

३. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टोरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने ।

४. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।

५. शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने।

## ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### (क) उपलब्धि

१. योग्य, तालिम प्राप्त, सक्षम, उत्साहित तथा पेसाप्रति प्रतिबद्ध तथा कार्यसम्पादनप्रति जिम्मेवार शिक्षकको व्यवस्था भएको हुनेछ।

२. दरवन्दी मिलान सम्पन्न भई दरवन्दीको असमान वितरणको अन्त्य हुने र विषयगत, कक्षागत र विद्यार्थी संख्याको आधारमा समतामूलक वितरण भई शिक्षकको व्यवस्थापन भएको हुने छ ।

३. शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुनेछ ।
४. कार्यसम्पादन मूल्यांकनका आधारमा प्रत्येक ५वर्षमा प्र.अ. नियुक्ति गर्ने व्यवस्था कार्यान्वयन भएको हुनेछ।

## (ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ३७ | - | - | - | - | - |
| २ | आधारभूत तहमा कार्यरत शिक्षक तालिम प्राप्त शिक्षक (%) | १०० | - | - | - | - | - |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत तालिम प्राप्त शिक्षक (%) | ७७ | - | - | - | - | - |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | ८० | १०० | - | - | - | - |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय प्रतिशत | ० | ५० | १०० | निरन्तर | निरन्तर | निरन्तर |
| ६ | | | | | | | |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान र पुनर्वितरण। | | ० | ० | | | | | | |
| २ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग सञ्जाल गठन तथा तिनको कार्य प्रक्रिया निर्धारण | ८ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| ४ | विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग | आवश्यकतानुसार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइका लागि अनलाइन÷अफलाइन शिक्षक तालिम सहयोग तथा , पृष्ठपोषणको विकास र सञ्चालन। | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | प्रारम्भिक बालविकासमा कार्यरत शिक्षकका लागि १५ दिने तालिम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | एकीकृत पाठ्यक्रम कार्यान्वयनसम्बन्धी तालिम सञ्चालन | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | प्रश्नपत्र निर्माण कार्यशाला | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

# ४.३ शैक्षिक समता र समावेशीकरण

## ४.३.१ परिचय

बिरुवा गाउँपालिका सामाजिक-सांस्कृतिक रूपमा विविधता भएको पालिका हो। यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातीय समुदायहरूको बसोबास छ। नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा सामर्थ्यका रूपमा लिने गरिन्छ भने अर्कोतिर ऐतिहासिक रूपमा यही भिन्नताका कारणले सामाजिक, आर्थिक तथा राजनीतिक रूपमा विभेद र वञ्चितीकरण परेका समुदायहरू पनि रहेका छन्। उदाहरणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपाली बाहेकका मातृभाषी समुदाय, अल्पसङ्ख्यक सांस्कृतिक समुदायहरू ऐतिहासिक रूपमा वञ्चितीकरणमा पर्न गई अहिलेसम्म पनि यसको असर कुनै न कुनै रूपमा शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा देखिने गरेको छ। त्यसैगरी भौगोलिक तथा क्षेत्रगत , आर्थिक तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परेको देखिन्छ। विभिन्न किसिका अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको शिक्षामा पहुँच र सहभागिता तुलनात्मक रूपमा कमजोर छ।

विद्यालयमा भर्ना भएका बालबालिकाहरुलाई भयरहित र सुरक्षित वातावरणमा स्वागरत गर्दै विद्यालयको सामाजिक तथा शैक्षिक प्रक्रियामा सुरक्षित भावनाका साथ सहभागी बन्ने अवसर सिर्जना गर्नु आवश्यक हुन्छ। विभेदका कारक तत्व (आर्थिक-सामाजिक अवस्था, क्षमता, स्थान, जाति, लिङ्ग) सम्बोन्धन गरी प्रमाणमा आधारित तथा सन्दर्भ अनुसारको अनुकुलित विधि अपनाई बालबालिकाहरुले पहुँच सहभागिता तथा सिकाइमा भोग्नुपरेका बाधा हटाउनुपर्छ। एकीकृत समता रणनीति २०१४ ले शैक्षिक उपलब्धिमा हुने विभेद हटाउन स्थानीय तहमा विद्यमान असमानता र यसको तीव्रताको मापन गर्नका लागि समता सूचकांकसहित अवधारणात्मक कार्यढाँचा प्रदान गरेको छ।

विविधताक सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच, सहभागिता तथा सिकाइका लागि नेपालको विद्यालय शिक्षा पद्धतिमा हाल सम्मका कार्य तथा प्रगतिको संक्षिप्त समीक्षा गरिएको छ। यसमा जातीगत तथा भाषिक, लैङ्गिक, भौगोलिक, विपन्नता, अपाङ्गता, संकटापन्न परिस्थितिमा रहेका तथा अन्य कारणले शिक्षामा पछि परेका बालबालिका तथा समुदायलाई समेटिएको छ।

## ४.३.२ वर्तमान अवस्था

यस पालिकामा अध्ययनरत विद्यार्थी मध्ये दलित विद्यार्थीको भर्नादर १५.८४ प्रतिशत, जनजाति विद्यार्थीको भर्नादर ६१.२७ प्रतिशत, अपाङ्गता भएका विद्यार्थीको संख्या २१ रहेको छ । ।विद्यार्थी भर्नामा छात्राको समतादर ०.६ प्रतिशत कम रहेको छ । कूल विद्यार्थीमध्ये छात्राको भर्नादर ४९.५४ प्रतिशत रहेको छ । विभिन्न प्रकारका छात्रवृत्ति तथा विद्यार्थी प्रोत्साहनमूलक कार्यक्रम जस्तैः दिवा खाजा, निःशुल्क शिक्षाको प्रावधान कार्यान्वयन गरिएको छ ।

सामाजिक सचेतनासँगै विद्यालय सङ्ख्यामा भएको विस्तार, माध्यमिक तहसम्म निःशुल्क शिक्षा तथा

निःशुल्क पाठ्यपुस्तकको प्रबन्धप्रारम्भिक बाल , शिक्षा तथा विकासदेखि कक्षा ५ सम्म विद्यालय खाजा कार्यक्रम विस्तार जस्ता विभिन्न लक्षित कार्यक्रमहरूका कारण भर्नादरमा यो उत्साहजनक प्रगति सम्भव भएको हो।

नेपालको संविधानले नेपाललाई समावेशी बनाउने दृष्टिकोणलाई मार्गनिर्देश गरेको छ। संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकका रुपमा लिँदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने सबै भाषिक समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ। राष्ट्रिय शिक्षा नीति, २०७६, ले पनि शिक्षामा समता र समावेशिकता अभिवृद्धिका लागि विभिन्न नीतिहरु तय गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४, र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७, ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक, सामाजिक रुपले पछाडि परेका समुदायलयाई छात्रवृत्ति तथा नेपाल सरकारले निर्धारण गरेबमोजिम शैक्षिक संस्थाद्वारा निःशुल्क रुपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ।

## ४.३.३ उद्देश्य

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु ।
२. लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु।
३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।

## ४.३.४ रणनीति

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्था पूरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने । यसका लागि बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गर्ने।
२. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने।
३. छात्रवृत्तिका लागि विपन्न  लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिका सहभागी हुने व्यवस्था गर्ने ।
४. कार्यविधि तयार गरी आवश्यकताअनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने ।
५. विद्यालयमा सरसफाई तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीलक्षित महिनावारी स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने ।

६. आधारभूत तहमा मातृभाषास्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाईको अवसर प्रदान गर्न प्राथमिकता दिने
७. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण ,इतिहास, नागरिक ज्ञान तथा सीपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सीपसँग आबद्ध गर्ने ।
८. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्करण र हेपाइ नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने ।

## ४.३.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य

### (क) उपलब्धि

विद्यालयहरुमा समावेशी विद्यार्थी भर्नादर संख्यामा वृद्धि हुनेछ ।

### (ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या/दर | ०.९८ | ०.७५ | ० | ० | ० | ० |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | ९७.६४ | - | - | - | - | - |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | ९३.७७ | - | - | - | - | - |
| ४ | अपाङ्गता भएका विद्यार्थीको संख्या | २१ | - | - | - | - | - |
| ५ | विशेष विद्यालय/स्रोत कक्षा संख्या | - | ० | २ | ४ | ६ | ८ |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | बालबालिकाको अपाङ्गताको लेखाजोखा गरी सो का आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | २१ | - | - | - | - | - | - | | |
| २ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चित गर्न संयन्त्र स्थापना | १० | १५ | २० | २५ | ३० | ३५ | ३५ | ३५ | |
| ३ | लैङ्गिक सञ्जाललाई स्थानीय तहहरूमा विस्तार गरी बालविवाह, लैङ्गिक हिंसा, हानिकारक लैङ्गिक अभ्यास तथा सकारात्मक पुरुषत्वका विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालनमा परिचालन गर्ने | ६ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री | ० | प्रकृति अनुसार थपदै जाने | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथा लैङ्गिक उत्तरदायी | | | | | | | | | |
| ५ | शिक्षा मातृभाषा/ बहुभाषामा व्यवस्थापन | २ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | आवश्यकता नुसार | |
| ६ | मातृभाषाका पाठ्यपुस्तक विकास तथा निर्माण | ० | १ | - | - | - | - | - | - | |
| ७ | आवासीय सुविधाको व्यवस्था। | ० | १ | २ | - | - | - | - | - | |

# ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

## ४.४.१ परिचय

## ४.४.२ वर्तमान अवस्था

सामुदायिक विद्यालयको प्रारम्भिक कक्षादेखि कक्षा ५ सम्मका विद्यार्थीका लागि संघीय सरकारको सशर्त अनुदानबाट दिवाखाजाका लागि बजेट प्राप्त हुँदै आएको छ । स्थानीय उत्पादनलाई प्रोत्साहन हुने गरी खाद्य सामग्रीको व्यवस्थाका लागि हाल स्थानीय तहले सशर्त अनुदानबाट आएको प्रति विद्यार्थी १५ रुपैया बजेटमा पालिकाले १० रुपैया थप गरी जम्मा २५ रुपैया उपलब्ध गराउदै आएको छ ।विद्यार्थीको स्वास्थ्य तथा सरसफाईका लागि सबै विद्यालयमा स्वच्छ पिउने पानी, शौचालय तथा स्वच्छताका कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।

सरकारले प्रारम्भिक बालविकास तथा शिक्षादेखि कक्षा ५ सम्मका सार्वजनिक विद्यालयमा अध्ययनरत सबै विद्यार्थीका लागि दिवा खाजाको प्रबन्धका लागि बजेट छुट्याएर महत्त्वपूर्ण उपलब्धि हासिल गरेको भए तापनि नीति तथा कानुनी व्यवस्था, वित्तीय पर्याप्तता तथा दीगोपन, कार्यक्रमका लागि उपयुक्त सङ्गठनात्मक व्यवस्था, उपयुक्त कार्यक्रम विकास र कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका क्षेत्रमा विभिन्न चुनौती देखिएका छन्। अझै पनि सबै विद्यालयमा स्वच्छ पिउने पानी तथा सरसफाईयुक्त शौचालयको व्यवस्था हुन सकेको छैन ।

तालिकाः शैचालय र खानेपानी

## ४.४.३ उद्देश्य

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु
२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

## ४.४.४ रणनीति

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तह सम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने
२. दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधा विस्तार गर्ने
३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने
४. विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने

५. दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने
६. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दीगोपनका लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने
७. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने।

## ४.४.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

१. स्वस्थ पोषणका साथ बालबालिकाहरू विद्यालयमा सहभागी भएको हुनेछ।
२. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा बालबालिकाहरुको पहुँच तथा सहभागिता हुनेछ ।

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक उपचार किट; जुकाका चक्की वितरण गर्ने विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |
| २ | पिउने पानी तथा स्वच्छता सहितको शौचालय भएका विद्यालय संख्या | ३० | ३५ | ३५ | ३५ | ३५ | ३५ |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | ईसिडी-५ | ईसिडी-५ | ईसिडी-५ | ईसिडी-६ | ईसिडी-७ | ईसिडी-८ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ४ पटक | ४ | ४ | ४ | ४ | ४ |
| ५ | स्वास्थ्य सेवा तथा सुविधा | ० | ३५ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| क्र.स. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| | पुगेका विद्यालय सङ्ख्या | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य )पाँच वर्ष( | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | दिवा खाजाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | संख्या (विद्यालय) | ९ | १३ | २० | २५ | ३५ | | | |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | ३२ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ३ | दिवा खाजाका लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | - | - | - | - | - | - | -- | | |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | १५ | १८ | २० | २२ | २६ | ३२ | | | |
| ५ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका | १७ | - | - | - | - | - | - | - | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लागि स्यानिटरी प्याडको व्यवस्था | | | | | | | | | |
| ६ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | ३४ | - | - | - | - | - | - | | |
| ७ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | १० | १३ | १८ | २१ | २६ | ३२ | | | |
| ८ | | | | | | | | | | |

**(ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

## ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

नेपाल सरकारले युद्ध, द्वन्द्व, महामारी वा प्राकृतिक प्रकोपजस्ता आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने हक सुरक्षित गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। आपतकालीन अवस्थामा दिइने शिक्षाको मुख्य लक्ष्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिकालगायत परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। भूकम्प, बाढीपहिरो, हावाहुरी, हिमपात, हिमपहिरो, आगलागी, चट्याङ, खडेरी, अति चिसो र तातो वातावरणमा सुरक्षा तथा सिकाइको निरन्तरता।

यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी आपतकालीन अवस्थामा क्षति कम हुने गरी , तत्कालको प्रतिकार्य गर्ने र आपत्कालपश्चात् क्षतिको पुनर्लाभ गर्ने कार्यढाँचा समेटिने गरिन्छ।

## ४.५.२ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा नीति, २०७६ ले विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभसम्बन्धी कार्यक्रमलाई विद्यालय सुधार कार्यक्रममा राख्ने कुरा उल्लेख गरेको छ। सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय प्रतिकार्यको व्यवस्थापन एवम् कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपद् व्यवस्थापनसम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान दिई विद्यालयमा हुन सक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली-बेइज्जती, विभेदलागयतका गैरसंरचनात्मक विपद् तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित, हिंसारहित र भयरहित सिकाइ केन्द्रका रूपमा विकास गरिने उल्लेख गरिएको छ।

कोभिड-१९ का कारण विद्यालय शिक्षामा सिर्जना भएका चुनौतीहरूमा बालबालिकाको सिकाइ क्षतिलाई कम गर्ने, शिक्षकहरूको अभिप्रेरणा र प्रतिबद्धतालाई कायम राख्ने, विभिन्न समूहका लागि उपयुक्त वैकल्पिक सिकाइका माध्यमहरू प्रयोग गरी सिकाइलाई निरन्तरता दिने र सबै तहमा विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक क्षमता विकास गर्ने प्रमुख रहेका छन् । कोभिड-१९ बाट भएको क्षतिलाई कम गर्न, क्षतिको आपूरण गर्न र शिक्षण सिकाइलाई निरन्तरता दिन शिक्षा क्षेत्रमा कोभिड-१९ को प्रभाव तथा यसबाट भएको सिकाइ क्षतिको लेखाजोखा गरी आपूरणको योजना निर्माण तथा कार्यान्वयन आवश्यक छ।
यस पालिकामा प्रमूखरूपमा बाढी, पहिरो, आगलागी लगायतका विषयहरु बढी जोखिमपूर्ण रहेको छ।
यसमा देखिएका प्रमुख चुनौतिहरूमा आपत्कालीन अवस्थामा दिइने शिक्षालाई अन्तर सम्बन्धित विषयका रूपमा वा छुट्टै विधाका रूपमा सम्बोधन गर्ने यसका लागि ,छुट्टै योजना बनाउने वा योजनाको हरेक अवयवमा समावेश गर्ने यस योजनामा ,प्राकृतिक प्रकोप मात्र सीमित हुने वा महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने, योजनालाई अल्पकालीन बनाउने वा दीर्घकालीन बनाउने भन्ने विषय रहेका छन्। शिक्षा क्षेत्रमा कोभिड-१९ ले पारेको प्रभाव कम गर्न, क्षतिको आपूरण गर्न र सोका लागि योजनाको निर्माण गर्ने विषय चुनौती रहेको छ।

**तालिकाः**

**भुकम्प प्रतिरोधी भवन**

## बिरुवा गाउँपालिका

## विद्यालयको भौतिक पूर्वाधार

| क.स. | विद्यालयको नाम | वडा | भवन | | | कक्षाकोठा | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | भुकम्प प्रतिरोधि | अन्य | जम्मा | भुकम्प प्रतिरोधि | अन्य | जम्मा |
| १ | श्री आदिकविजित आ.वि. | २ | १ | १ | २ | ४ | २ | ६ |
| २ | श्री बराहजनश्रम मा.वि. | ३ | २ | ३ | ५ | ९ | 10 | १९ |
| ३ | श्री विद्या विकास आ.वि. | १ | ० | २ | २ | ० | ५ | ५ |
| ४ | बिरुवा मुनलाई कम्युनिटी एकेडमी | १ | २ | ० | २ | १९ | | १९ |
| ५ | श्री चैतन्य भवानी आ.वि. | ८ | | | | | | |
| ६ | श्री चण्डी आ.वि. | ४ | 1 | 2 | 3 | 0 | 4 | 4 |
| ७ | श्री देववाणी आ.वि. | ५ | | | | | | |
| ८ | श्री धोवादी भञ्याङ् आ.वि. | ३ | | | | | | |
| ९ | श्री जनबाल कल्याण आ.वि. | ६ | ३ | ० | ३ | १० | ० | १० |
| १० | श्री जनजागृति आ.वि. | 1 | १ | ३ | ४ | ० | ७ | ७ |
| ११ | श्री जनजागृति आ.वि. | ६ | ० | ५ | ५ | ० | ९ | ९ |
| १२ | श्री जनजागृति आ.वि. | ७ | ४ | १ | ५ | १५ | ० | १५ |
| १३ | श्री जनप्रिय पिपल भञ्याङ आ.वि. | ४ | १ | ३ | ४ | १ | ७ | ८ |
| १४ | श्री जनप्रिय मा.वि. | ६ | १ | ८ | ९ | ४ | २६ | ३० |
| १५ | श्री जिवनज्योति मा.वि. | ७ | ९ | १ | १० | २४ | | २४ |
| १६ | श्री लाकुरी डाँडा आ.वि. | २ | | | | | | |
| १७ | श्री लोकप्रिय आ.वि. | ६ | १ | २ | ३ | ३ | ४ | ७ |
| १८ | श्री महेन्द्र आ.वि. | ६ | १ | १ | २ | ५ | १ | ६ |
| १९ | श्री मनकामना आ.वि. | ८ | | | | | | |
| २० | श्री नवज्योति मा.वि. | १ | १० | ० | १० | ३४ | ० | ३४ |
| २१ | श्री नवज्योति आ.वि. | ४ | | | | | | |
| २२ | श्री पानधारा आ.वि. | ८ | १ | १ | २ | २ | ५ | ७ |
| २३ | श्री प्रभात आ.वि. | ७ | ३ | ३ | ६ | ६ | ५ | ११ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २४ | श्री अरनिको मा.वि. | ३ | ४ | ३ | ७ | ९ | ४ | १३ |
| २५ | श्री भविष्य निर्माण मा.वि. | ४ | ३ | ४ | ७ | ११ | १६ | २७ |
| २६ | श्री भुरुङ्चौकी मा.वि. | ८ | ५ | १ | ६ | १७ | ३ | २० |
| २७ | श्री दिपेन्द्रदोय आ.वि. | ७ | 2 | 1 | 3 | 6 | 0 | 6 |
| २८ | श्री दिव्यप्रकाश मा.वि. | ४ | ४ | ४ | ८ | ७ | ५ | १२ |
| २९ | श्री जामुनेडाँडा मा.वि. | २ | २ | ५ | ७ | २ | ९ | ११ |
| ३० | श्री खुदी आ.वि. | ४ | १ | ४ | ५ | २ | १२ | १४ |
| ३१ | श्री किचनास आ.वि. | ५ | | | | | | |
| ३२ | श्री श्यामपोखरी आ.वि. | २ | १ | १ | २ | ६ | ० | ६ |
| ३३ | श्री सिद्धमण्डली आ.वि. | ३ | ० | ४ | ४ | ० | ९ | ९ |
| ३४ | श्री सनफ्लावर अंग्रेजी बोडिङ्ग स्कुल | १ | | | | | | |

## ४.५.३ उद्देश्य

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु।
२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।
३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु।
४. सुरक्षित पूर्वाधारको निर्माण मार्फत विपद्को क्षति न्युनिकरण गर्नु।

## ४.५.४ रणनीति

१. विपद्को समयमा सिकाइ निरन्तरता पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने
२. सम्भावित प्रकोप तथा विपद् सम्बन्धी पूर्व सावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने
३. महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने ।
४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने
५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने
६. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने
७. स्थानीय स्तरमा शिक्षा समूह (Education Cluster) निर्माण तथा परिचालन गर्ने

८. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने
९. विपद् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने
१०. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दीगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने

## ४.५.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ।
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।
३. आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ३४ | - | - | - | - | - |
| २ | हरित विद्यालय सङ्ख्या | २० | ३४ | - | - | - | - |
| ३ | जलवायु परिवर्तन तथा दीगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | - | - | - | - | - | १ |
| ४ | | | | | | | |

**(ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति पुनरावलोकन तथा निर्माण | पटक | १ | - | - | - | - | - | १० | |
| २ | स्थानीय तह र विद्यालयको विपद व्यवस्थापन पूर्व तयारी क्षमता विकास | | ० | २ | २ | २ | २ | ८ | १० | |
| ३ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ४ | शिक्षक, वि.व्य.स., शि.अ.स. तथा अभिभावक तालिम | २ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ५ | विपद् प्रतिरोधी विद्यालय सङ्ख्या | १२ | १५ | १७ | २२ | २६ | ३२ | ३२ | | |
| ६ | | | | | | | | | | |
| ७ | विद्यार्थीका लागि स्वास्थ्य तथा मनोवैज्ञानिक परामर्श सेवा उपलब्धता। | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

# ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

## ४.६.१ परिचय

शिक्षण सिकाइको लागि सुरक्षित विद्यालय भवन र कक्षाकोठा सहित, खेलमैदान, शौचालय तथा सुरक्षित पानी तथा स्वच्छताको सुनिश्चिततताको आवश्यकता पर्दछ। शिक्षा नियमावली, २०५९ ले एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनका लागि प्रारम्भिक बाल शिक्षा तथा विकास र आधारभूत तहका प्रारम्भिक कक्षा (१-५) का लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफलको मापदण्ड तोकेको छ। राष्ट्रिय शिक्षा नीति २०७६, ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयका साथै विपद् जोखिममा उत्थानशील बनाउने नीतिगत व्यवस्था गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात् गरेका सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यास र सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यस योजनामा भौतिक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा गरिएको छ।

## ४.६.२ वर्तमान अवस्था

यस पालिकामा सञ्चालित ३४ विद्यालयहरुमध्ये अधिकांश विद्यालयमा पर्याप्त भौतिक सुविधा पुगेका विद्यालय छन् । उक्त विद्यालयमा कक्षाकोठा, कार्यालय कक्ष, पुस्तकालय, प्रयोगशाला कक्ष लगायतका भौतिक सुविधा उपलब्ध छन् । अझैपनि केहि विद्यालयमा आवश्यकता अनुसार विद्यालय भवन/कक्षाकोठा पुगेको छैन । विगतमा बाढी तथा पहिरो बाट ६ विद्यालय क्षति भएका छन् । सबै विद्यालयका भवन भुकम्प प्रतिरोधि प्रविधिमा निर्माण भएका छैनन् । आगामी ५ वर्षमा भुकम्प प्रतिरोधी नभएको विद्यालयमा ।।।।।(आवश्यकतानुसार) कक्षाकोठा थप गर्नु पर्ने अवस्था रहेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवम् विद्यार्थी सङ्ख्याका आधारमा बन्नुपर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला/प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप एवम् खेलकक्ष, विद्यालय सभा हल, मञ्च, बगैंचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष) को आवश्यकता पहिचान गरी पूर्वाधार निर्माणको लागि तहगत सरकारको जिम्मेवारी स्पष्ट पार्नु अर्को चुनौती रहेको छ।

भवन संहिताअनुरूप विद्यालय भवनहरू निर्माण हुने विषय अर्को चुनौतीको रूपमा रहेको छ। विद्यालयको निर्माण पूर्णताको अवधारणाअनुरूप हुन नसक्दा कतिपय विद्यालयहरूका कक्षाकोठा नै आंशिक मात्र बनेका छन् भने कतिपयमा प्रयोगशाला नबनेका, शौचालय नबनेका वा पर्याप्त नबनेका, खानेपानी तथा सरसफाइका लागि संरचना नबनेका वा उपयुक्त नभएका, घेराबारा तथा खेल मैदान नबनेका, संरचनाहरू समावेशी तथा अपाङ्ता मैत्री नभएका देखिन्छन्।

# तालिका

| बिरुवा गाउँपालिका | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **विद्यालयको भौतिक पूर्वाधारः खानेपानी र शौचालयको अवस्था** | | | | | | | | | | |
| क्र.स. | विद्यालयको नाम | वडा | शौचालय | | | | खानेपानी | | कक्षाकोठा विद्यार्थि अनुपात | शौचालय विद्यार्थी अनुपात |
| | | | छात्र | छात्रा | अपांगमैत्री | जम्मा | धारा संख्या | शुद्धता | | |
| १ | श्री आदिकविजित आ.वि. | २ | १ | १ | ० | २ | १ | छ | १/3 | १/8 |
| २ | श्री बराहजनश्रम मा.वि. | ३ | ३ | ३ | | ६ | ५ | छ | १/४ | १/१३ |
| ३ | श्री विद्या विकास आ.वि. | १ | १ | १ | ० | २ | १ | छ | १/२ | १/४ |
| ४ | बिरुवा मुनलाई कम्युनिटी एकेडमी | १ | ३ | ३ | | ६ | २ | छ | १:४५ | |
| ५ | श्री चैतन्य भवानी आ.वि. | ८ | | | | | | | | |
| ६ | श्री चण्डी आ.वि. | ४ | 1 | 1 | 0 | 2 | 2 | छ | 4 | 2 |
| ७ | श्री देववाणी आ.वि. | ५ | | | | | | | | |
| ८ | श्री धोवादी भञ्याङ् आ.वि. | ३ | | | | | | | | |
| ९ | श्री जनबाल कल्याण आ.वि. | ६ | १ | १ | ० | २ | २ | छ | 1/5 | 1/2३ |
| १० | श्री जनजागृति आ.वि. | 1 | १ | १ | ० | २ | २ | छ | १/6 | 1/2३ |
| ११ | श्री जनजागृति आ.वि. | ६ | २ | २ | ० | ४ | १ | छ | १/4 | १/7 |
| १२ | श्री जनजागृति आ.वि. | ७ | १ | १ | ० | २ | ३ | राम्रो | १/4 | १/27 |
| १३ | श्री जनप्रिय पिपल भङ्याङ आ.वि. | ४ | १ | १ | ० | २ | ३ | छ | १/3 | १/१३ |
| १४ | श्री जनप्रिय मा.वि. | ६ | ३ | ३ | ० | ६ | ५ | सामान्य | १/६ | १/31 |
| १५ | श्री जिवनज्योति मा.वि. | ७ | २६ | १५ | १ | ४२ | २ | राम्रो | ६.७ | ३.८३ |
| १६ | श्री लाकुरी डाँडा आ.वि. | २ | | | | | | | | |
| १७ | श्री लोकप्रिय आ.वि. | ६ | १ | १ | ० | २ | ३ | ३ | १/१ | १/3 |
| १८ | श्री महेन्द्र आ.वि. | ६ | १ | १ | ० | २ | १ | छ | १/3 | १/7 |
| १९ | श्री मनकामना आ.वि. | ८ | | | | | | | | |
| २० | श्री नवज्योति मा.वि. | १ | ४ | ४ | ० | ८ | ५ | भएको | १/6 | १/25 |
| २१ | श्री नवज्योति आ.वि. | ४ | | | | | | | | |
| २२ | श्री पानधारा आ.वि. | ८ | १ | १ | ० | २ | ३ | ठिकै | १/2 | १/8 |
| २३ | श्री प्रभात आ.वि. | ७ | २ | २ | ० | ४ | २ | छ | १/4 | १/5 |
| २४ | श्री अरनिको मा.वि. | ३ | २ | २ | २ | ६ | १ | भएको | १/५ | १/17 |
| २५ | श्री भविष्य निर्माण मा.वि. | ४ | २ | २ | १ | ५ | ३ | छ | १/१२ | १/37 |
| २६ | श्री भुरुङ्चौकी मा.वि. | ८ | ८ | ८ | 0 | १६ | ८ | ४ | १/१३ | १/९ |
| २७ | श्री दिपेन्द्रदोय आ.वि. | ७ | 1 | 1 | 1 | 3 | १ | सामान्य | १/5 | १/15 |
| २८ | श्री दिव्यप्रकाश मा.वि. | ४ | २ | २ | ० | ४ | १ | सामान्य | १/9 | 1/12 |
| २९ | श्री जामुनेडाँडा मा.वि. | २ | १ | १ | ० | २ | १ | छ | १/6 | १/36 |
| ३० | श्री खुदी आ.वि. | ४ | १ | १ | ० | २ | ३ | छ | १/5 | १/22 |
| ३१ | श्री किचनास आ.वि. | ५ | | | | | | | | |
| ३२ | श्री श्यामपोखरी आ.वि. | २ | १ | १ | ० | २ | १ | छ | १/१ | १/२ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३३ | श्री सिद्धमण्डली आ.वि. | ३ | १ | १ | ० | २ | १ | छ | १/२ | १/10 |
| ३४ | श्री सनफ्लावर अंग्रेजी बोडिङ्ग स्कुल | १ | | | | | | | | |

## ४.६.३ उद्देश्य

१. विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु।

२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधाहरू सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा सबलीकरण गर्नु।

## ४.६.४ रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तहविद्यार्थी सङ्ख्याको प्रक्षेपण , र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने

२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने

३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने

४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत सम्भार गर्ने

५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने

६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाउने

७. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने

## ४.६.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य

### (क) उपलब्धि

१. सबै विद्यालयहरूमा बालमैत्री प्रकोप उत्थानशील तथा सुरक्षित वातावरणसहित भौतिक ,अपाङ्गतामैत्री , पूर्वाधार भएको हुने।

### (ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | आधार वर्ष | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | (२०८१) | | | | | |
| १ | भूकम्प प्रतिरोधी विद्यालय भवन संख्या | १० | १४ | १८ | २४ | २८ | ३२ |
| २ | नयाँ निर्माण भएका कक्षाकोठा सङ्ख्या | ४० | ४४ | ४८ | ५२ | ५६ | ६१ |
| ३ | सबलीकरण भएका कक्षाकोठा सङ्ख्या | ० | ० | ० | ० | ० | ० |
| ४ | नयाँ निर्माण भएका शौचालय सङ्ख्या | - | - | २ | ३ | २ | १ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य भएका विद्यालय सङ्ख्या | २ | आवश्यकता अनुसार थप गर्दै जाने | आवश्यकता अनुसार थप गर्दै जाने | आवश्यकता अनुसार थप गर्दै जाने | आवश्यकता अनुसार थप गर्दै जाने | आवश्यकता अनुसार थप गर्दै जाने |
| ६ | | | | | | | |
| ७ | | | | | | | |

### (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | कोठा संख्या | ४० | ४४ | ४८ | ५२ | ५६ | ६१ | | |
| २ | विद्यालय को | सङ्ख्या | - | -- | - | - | -- | - | | |

| क्र सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| | सबलीकरण | | | | | | | | | |
| ३ | विद्यालयमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापनसमेत | विद्यालय सङ्ख्या | ५ | आवश्यकता अनुसार थप गर्दै जाने | आवश्यकता अनुसार थप गर्दै जाने | आवश्यकता अनुसार थप गर्दै जाने | आवश्यकता अनुसार थप गर्दै जाने | आवश्यकता अनुसार थप गर्दै जाने | आवश्यकता अनुसार थप गर्दै जाने | |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | १५ | १८ | २० | २२ | २६ | ३२ | | |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय | - | - | २ | ४ | ६ | ८ | ३४ | |
| ६ | अपाङ्गता मैत्री संरचना निर्माण भएका विद्यालय | १० | आवश्यकता अनुसार थप गर्दै जाने | आवश्यकता अनुसार थप गर्दै जाने | आवश्यकता अनुसार थप गर्दै जाने | आवश्यकता अनुसार थप गर्दै जाने | आवश्यकता अनुसार थप गर्दै जाने | आवश्यकता अनुसार थप गर्दै जाने | | |

| क्र सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रुजुसूची भर्ने | - | - | | ३४ | - | - | - | - | - |
| ८ | | | | | | | | | | |

# ४.७ शिक्षामा सूचना प्रविधि

## ४.७.१ परिचय

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापनमा सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्दछ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई यसको प्रयोगमा भएको विभेद (डिजिटल डिभाइड) कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइमा सुधार गर्ने, सबैका लागि शिक्षामा समतामूलक पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सहयोग पुऱ्याउँदछ ।(२०१३ ,शिक्षा मन्त्रालय) शिक्षामा सूचना तथा सञ्चार प्रविधि गुरु योजना, २०१३ ले चार ओटा प्राथमिकताका क्षेत्रहरू (क) सूचना तथा सञ्चारका लागि संरचना (जडान, सामाग्री, तथ्याङ्क निर्माण) (ख) मानव शंसाधनको विकास (ग) डिजिटल सामाग्रीको विकास र (घ) शिक्षण विधि र व्यवस्थापनको सुधार, पहिचान गरेको छ। उक्त गुरु योजनाले यी चार ओटा क्षेत्रका रणनीति, क्रियाकलाप र लक्ष्यहरू निर्धारण गरेको छ। यी क्षेत्रहरू हालको परिस्थितिमा पनि उत्तिकै सान्दर्भिक रहेकाले वर्तमानको आवश्यकता अनुकूल रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू अद्यावधिक तथा परिमार्जन गरी यस योजनामा समावेश गरिएको छ।

कोभिड-१९ को महामारीले विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ। सूचना तथा सञ्चार प्रविधिले विभिन्न प्रकारका विपद् तथा महामारीमा

पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा महत्त्वपूर्ण सहयोग गर्न सक्दछ। सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी सिकाइ (अनलाईन र अफलाइनसमेत) लाई निरन्तरता दिने प्रयत्नहरू गरिए तापनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन। यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु आवश्यक भएको छ।

## ४.७.२ वर्तमान अवस्था

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगसम्बन्धी कतिपय नीति तथा कार्यक्रमहरू सञ्चालन गरिएका छन्। विद्युत र कम्प्युटरमा पहुँच, इन्टरनेट कनेक्टिभिटी, डिजिटल सिकाइ सामग्रीको विकास तथा ती सामग्रीमा पहुँच, शिक्षकको क्षमता समेतका मानव संशाधनको विकास र शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिसहित सूचना तथा सञ्चार प्रविधिको संरचनामा केही प्रगति भएको भए तापनि सुधारहरू आवश्यक छन्।

विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारको विकासमा वर्षौंपिच्छे सुधार हुँदै गएको र धेरैजसो माध्यमिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार भए तापनि यी सुविधाहरू पर्याप्त छैनन् र ज्यादै कम विद्यालयले मात्र शिक्षण सिकाइमा प्रयोग गर्ने गरेका छन्। कतिपय विद्यालयहरूले विभिन्न व्यक्ति तथा सङ्घसंस्थाबाट पनि यस्ता सूचना तथा सञ्चार प्रविधिसम्बन्धी उपकरण प्राप्त गर्ने गरेका छन्।

शैक्षिक तथ्याङ्क २०८१ को प्रतिवेदन अनुसार यस पालिकामा सञ्चालित ३४ विद्यालयमध्य ३४ विद्यालयमा विद्युत सुबिधा पुगेको छ । ३४ विद्यालयमा कम्प्युटर ल्यावको व्यवस्था रहेको छ भने ३४ विद्यालयमा इन्टरनेट जडान गरिएको छ । इन्टरनेट जडान सहित कम्प्युटर ल्याव स्थापना भएका विद्यालयमा डिजिटल सिकाइ सामग्रीको व्यवस्था, कम्प्युटरसम्बन्धी ज्ञान भएका शिक्षकहरुको कमी तथा शिक्षण सिकाइमा प्रविधिको प्रयोगको अवस्था कमजोर रहेको छ । सबै शिक्षकहरुलाई कम्प्युटरसम्बन्धी ज्ञान, सीप प्रदान गर्नु, नियमित विद्युत आपूर्ति तथा कक्षाकोठामा प्रविधिको प्रयोगलाई प्रभावकारी बनाउने कार्य चुनौतीपूर्ण रहेको छ ।

**तालिका**

**सुचना तथा संचार प्रविधि, विज्ञान प्रयोगशाला र पुस्तकालयको अवस्थाः**

| बिरुवा गाउँपालिका | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालयको भौतिक पूर्वाधार | | | | | | | | | | |
| क.स. | विद्यालयको नाम | ICT ल्याव | | | | विज्ञान प्रयोशाला | | पुस्तकालय | | |
| | | ल्याव संख्या | कम्प्यूटर संख्या | इन्टरनेट पहुँच | फर्निचरको अवस्था | संख्या | उपकरणको अवस्था | संचालनको अवस्था | संख्या | प्रयोगको अवस्था |
| १ | श्री आदिकविजित आ.वि. | ० | १ | छ | सामान्य | ० | ० | ० | ० | ० |
| २ | श्री बराहजनश्रम मा.वि. | 1 | 12 | 4 | सामान्य | 1 | सामान्य | 5 | १ | राम्रो |
| ३ | श्री विद्या विकास आ.वि. | ० | १ | छ | १२ सेट | ० | ० | ० | ० | ० |
| ४ | बिरुवा मुनलाई कम्युनिटी एकेडमी | १ | १० | छ | राम्रो छ | १ | सामान्य | संचालनमा रहेको | १ | राम्रो |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | श्री चैतन्य भवानी आ.वि. | | | | | | | | |
| ६ | श्री चण्डी आ.वि. | 0 | 2 | 1 | १६+२० | 0 | 0 | 0 | 0 | 0 |
| ७ | श्री देववाणी आ.वि. | | | | | | | | | |
| ८ | श्री धोवादी भञ्याङ् आ.वि. | | | | | | | | | |
| ९ | श्री जनबाल कल्याण आ.वि. | ० | ३ | छ | छैन | १ | ठिकै | छ | १ | राम्रो |
| १० | श्री जनजागृति आ.वि. | ० | ४ | छ | ३५ सेट | ० | ० | ० | १ | राम्रो |
| ११ | श्री जनजागृति आ.वि. | ० | ६ | छ | राम्रो | १ | ठिकै | ठिकै | ० | ० |
| १२ | श्री जनजागृति आ.वि. | ० | ४ | छ | राम्रो | १ | ठिकै | १ | ठिकै | भएको |
| १३ | श्री जनप्रिय पिपल भञ्याङ आ.वि. | ० | ४ | छ | सामान्य | ० | ० | ० | ० | ० |
| १४ | श्री जनप्रिय मा.वि. | १ | १५ | छ | जीर्ण | १ | मध्यम | मध्यम | १ | राम्रो |
| १५ | श्री जिवनज्योति मा.वि. | १ | १० | १ | सामान्य | ३ | राम्रो | संचालनमा रहेको | २ | राम्रो |
| १६ | श्री लाकुरी डाँडा आ.वि. | | | | | | | | | |
| १७ | श्री लोकप्रिय आ.वि. | ० | १ | १ | छैन | ० | ० | ० | ० | ० |
| १८ | श्री महेन्द्र आ.वि. | ० | १ | छ | ठिकै | ० | ० | ० | ० | ० |
| १९ | श्री मनकामना आ.वि. | | | | | | | | | |
| २० | श्री नवज्योति मा.वि. | २ | ५० | छ | ठिकै | १ | ठिकै | भएको | १ | राम्रो |
| २१ | श्री नवज्योति आ.वि. | | | | | | | | | |
| २२ | श्री पानधारा आ.वि. | ० | १ | छ | सामान्य | ० | ० | ० | ० | ० |
| २३ | श्री प्रभात आ.वि. | ० | २ | छ | पर्याप्त नभएको | १ | ठिकै | ठिकै | ० | ० |
| २४ | श्री अरनिको मा.वि. | १ | ८ | छ | राम्रो | १ | राम्रो | भएको | १ | राम्रो |
| २५ | श्री भविष्य निर्माण मा.वि. | १ | १६ | छ | सामान्य | १ | राम्रो | राम्रो | १ | राम्रो |
| २६ | श्री भुरुङ्चौकी मा.वि. | २ | १६ | २ | राम्रो | २ | मध्यम | राम्रो | १ | राम्रो |
| २७ | श्री दिपेन्द्रदोय आ.वि. | 0 | 1 | छ | सामान्य | १ | ० | | १ | ठिकै |
| २८ | श्री दिव्यप्रकाश मा.वि. | १ | २३ | २ भएको | ९० सेट | २ | राम्रो | सामान्य | १ | राम्रो |
| २९ | श्री जामुनेडाँडा मा.वि. | १ | १० | छ | ठिकै | १ | ठिकै | राम्रो | १ | ठिकै |
| ३० | श्री खुदी आ.वि. | १ | ९ | छ | राम्रो | ० | ० | ० | १ | ठिकै |
| ३१ | श्री किचनास आ.वि. | | | | | | | | | |
| ३२ | श्री श्यामपोखरी आ.वि. | ० | १ | छ | छ | ० | ० | ० | ० | ० |
| ३३ | श्री सिद्धमण्डली आ.वि. | ० | २ | च | सामान्य | ० | ० | ० | ० | ० |
| ३४ | श्री सनफ्लावर अंग्रेजी बोडिङ्ग स्कुल | | | | | | | | | |

## ४.७.३ उद्देश्य

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पर्याप्त मात्रामा पहुँच पर्याउनु
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन बढी मात्रामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु

## ४.७.४ रणनीति

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकको क्षमता अभिवृद्धि गर्ने
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने
५. शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने
६. कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने

## ४.७.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य

### (क) उपलब्धि

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुने छ ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।

### (ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | १० | १५ | २० | २५ | ३० | ३२ |

| क्रसं | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ५ | १० | १५ | २० | २५ | ३४ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ३४ | -- | -- | -- | - | - |
| ५ | विद्युत्को पहुँच पुगेका विद्यालय सङ्ख्या | ३४ | - | - | - | - | - |
| | | | | | | | |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार गरी इलाइब्रेरी स्थापना | १ | ५ | १० | १५ | २० | ३४ | | | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | ३४ | -- | - | - | - | - | -- | - | -- |
| ३ | शिक्षकको क्षमता विकास | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| ४ | प्रत्येक विद्यालयमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | ४ | | सामुदायिक मा.वि.मा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | IEMIS व्यवस्थापन | ३४ | - | - | - | - | - | - | -- | |
| ६ | | | | | | | | | | |

# परिच्छेद पाँच

# सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व ,पारदर्शिता , जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन समता तथा समावेशिता र , व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रिया व्यवस्थित गरिनुपर्छ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापनअन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्र समावेश गरिएको छ । यस परिच्छेदमा समावेश गरिएका क्षेत्रलाई पनि अरु परिच्छेदमा जस्तैः परिचय, वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि, नतिजा र मुख्य क्रियाकलाप र लक्ष्य निर्धारण गरि सातओटा उपशीर्षकहरूमा विभाजन गरी विश्लेषण गरिएको छ ।

## ५.१ शिक्षकको व्यवस्थापन तथा संस्थागत क्षमता

### ५.१.१ परिचय

शिक्षकको व्यवस्थापन तथा संस्थागत क्षमता परिचय भन्नाले शैक्षिक संस्थामा कार्यरत शिक्षकहरूको कुशल व्यवस्थापन, तिनको कार्यदक्षता वृद्धि, तथा संस्थाले आफूभित्र शिक्षकहरूको क्षमता विकासका लागि अपनाएका रणनीति तथा संरचनालाई जनाउँछ। यसले शिक्षाको गुणस्तरमा प्रत्यक्ष प्रभाव पार्छ। शिक्षकको भर्ना, तालिम, पदस्थापन, मूल्याङ्कन, पदोन्नति, पेशागत विकास र प्रेरणा सम्बन्धी सम्पूर्ण प्रक्रिया समेटिन्छ। यसले शिक्षकलाई संस्थाको लक्ष्यअनुसार कार्य गर्न सहजीकरण गर्छ। शिक्षक व्यवस्थापनका मुख्य पक्षहरूः भर्ना र छनौट प्रक्रियाः योग्य र दक्ष शिक्षक छनोट गर्नु। कार्य मूल्याङ्कन प्रणालीः नियमित मूल्याङ्कनमार्फत शिक्षकको कार्य क्षमताको पहिचान। पेशागत विकास तालिमः सेवामा रहँदा तालिम र सेमिनारमार्फत क्षमताको अभिवृद्धि। प्रोत्साहन प्रणालीः पुरस्कार, प्रशंसा वा पदोन्नतिका माध्यमबाट शिक्षकलाई प्रेरणा

दिने। शिक्षक—विद्यार्थी अनुपातको सन्तुलनः गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक शिक्षक संख्या व्यवस्थापन।

शैक्षिक संस्थाले आफ्ना लक्ष्यहरू प्राप्त गर्न आवश्यक स्रोत, संरचना, नीति, जनशक्ति तथा व्यवस्थापन प्रणालीहरू सम्हाल्ने क्षमता हो। शिक्षक व्यवस्थापन संस्थागत क्षमताको अभिन्न अङ्ग हो। संस्थागत क्षमताका घटकहरूः नीति तथा नियमावलीः स्पष्ट र व्यवहारिक कार्य प्रणाली। प्रशासनिक दक्षताः नेतृत्व र व्यवस्थापन क्षमतायुक्त प्रशासन। स्रोत व्यवस्थापनः आर्थिक, भौतिक र मानव स्रोतको उपयुक्त व्यवस्थापन। अनुगमन तथा मूल्याङ्कनः कामको प्रभावकारिता मापन गर्ने प्रणाली। दिगो विकास योजनाहरूः दीर्घकालीन शिक्षाको गुणस्तर सुधार योजनाहरू। शिक्षक व्यवस्थापन तथा संस्थागत क्षमता आपसमा गहिरो सम्बन्धित छन्। सक्षम व्यवस्थापनले शिक्षकको मनोबल र कार्यक्षमता बढाउँछ, जसले विद्यार्थीको सिकाइमा सकारात्मक असर पार्छ। संस्थागत संरचना बलियो भए मात्र शिक्षामा गुणस्तर र नवप्रवर्तन सम्भव हुन्छ। अतः कुनै पनि शैक्षिक संस्थाको समग्र प्रगतिको मेरुदण्ड नै कुशल शिक्षक व्यवस्थापन र सुदृढ संस्थागत क्षमता हो।

## ५.१.२ वर्तमान अवस्था

स्थानीय सरकार सञ्चालन ऐन २०७४, ले शिक्षासम्बन्धी २३ वटा अधिकारहरु तोकेको छ। यी कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ राखिएको छ। प्रदेश सरकारहरूले प्रदेश स्तरका सेवा प्रवाह गर्न जिल्लास्तरमा कार्यालय स्थापना गर्ने क्रम सुरु गरेका छन्।

विद्यालय निरीक्षक र स्रोत व्यक्तिले प्रदान गर्दै आएका सेवा निरन्तर हुन नसकेकोले विद्यालयहरूमा सुपरिवेक्षण र शिक्षक पेसागत सहयोग पद्धतिको अभाव भएको अवस्था छ। यसका लागि यस विद्यालय शिक्षा क्षेत्र योजनाले वैकल्पिक शिक्षक पेसागत सहयोग तथा सुपरिवेक्षणका लागि अल्पकालीन तथा दीर्घकालीन संयन्त्र बनाउने प्रस्ताव गरेको छ।

सरकारका तीनै तहहरूबिच सहजीकरण र समन्वयका पक्षमा सुधार गरी विद्यार्थीको नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नु आवश्यक छ। प्रत्येक तहका सरकारले साझा लक्ष्य हासिल गर्न आ-आफ्ना भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत व्यवस्था, क्षमता विकास र सोअनुसार कार्यान्वयन गर्ने परिपाटी र संस्कृतिको विकास गर्नु आवश्यक छ।

साबिकका जिल्ला शिक्षा कार्यालयहरू शिक्षा विकास तथा समन्वय एकाइमा रुपान्तरण भएका छन्। यिनले सङ्घीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमातहत काम गर्छन्। स्थानीय तहमा शिक्षा शाखा रहने , व्यवस्था छ। स्थानीय तहको शिक्षा शाखामा शिक्षा सेवाको कर्मचारीको दरबन्दी निर्धारण गरी पदस्थापन गरिएको छ। सङ्घीयताका सन्दर्भमा शिक्षा प्रशासन तथा व्यवस्थापनलाई प्रभावकारी , उद्देश्यमुखी तथा नतिजामुखी बनाउनका लागि वर्तमान संरचना, कार्य विभाजन तथा क्षमताको पुनरावलोकन गर्न आवश्यक छ।

**तालिकाः**

## तहगत तथा विषयगत शिक्षक विवरणः

बिरुवा गाउँपालिका

बिषयगत शिक्षक विवरण

| क.स. | विद्यालयको नाम | वडा | आधारभूत १-५ | आधारभूत ६-८ | | | | | | मा.वि. ९-१० | | | | | | | ऐक्षिक विषय | | मा.ि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | नेपाली | अंग्रेजी | गणीत | विज्ञान | सामाजिक | गणीत विज्ञान | नेपाली | अंग्रेजी | गणीत | विज्ञान | सामाजिक | लेखा | गणीत विज्ञान | संख्या | कैफियत | नेपाली | अं |
| 1 | श्री आदिकविजित आ.वि. | २ | २ | | | | | | | | | | | | | | | | | |
| 2 | श्री बराहजनश्रम मा.वि. | ३ | ६ | १ | | १ | | | | | १ | १ | १ | | | | | | | |
| 3 | श्री विद्या विकास आ.वि. | १ | १ | | | | | | | | | | | | | | | | | |
| 4 | बिरुवा मुनलाई कम्युनिटी एकेडमी | १ | ४ | | | 1 | 1 | 1 | | 1 | 1 | 1 | 1 | | | | | | | |
| 5 | श्री चैतन्य भवानी आ.वि. | ८ | २ | | | | | | | | | | | | | | | | | |
| 6 | श्री चण्डी आ.वि. | ४ | २ | | | | | | | | | | | | | | | | | |
| 7 | श्री देववाणी आ.वि. | ५ | ४ | १ | | | १ | १ | | | | | | | | | | | | |
| 8 | श्री धोवादी भञ्याङ् आ.वि. | ३ | ३ | | | | | | | | | | | | | | | | | |
| 9 | श्री जनबाल कल्याण आ.वि. | ६ | ६ | | | | १ | | | | | | | | | | | | | |
| 10 | श्री जनजागृति आ.वि. | 1 | ५ | | | | | | | | | | | | | | | | | |
| 11 | श्री जनजागृति आ.वि. | ६ | ५ | | | | १ | | | | | | | | | | | | | |
| 12 | श्री जनजागृति आ.वि. | ७ | ६ | | | | १ | | | | | | | | | | | | | |
| 13 | श्री जनप्रिय पिपलभञ्याङ आ.वि. | ४ | ४ | | | | | | | | | | | | | | | | | |
| 14 | श्री जनप्रिय मा.वि. | ६ | ६ | १ | १ | १ | १ | १ | | १ | २ | १ | १ | १ | | | | | | |
| 15 | श्री जिवनज्योति मा.वि. | ७ | ५ | - | २ | १ | - | १ | - | - | २ | - | २ | - | १ | १ | - | - | १ | |
| 16 | श्री लाकुरी डाँडा आ.वि. | २ | १ | | | | | | | | | | | | | | | | | |
| 17 | श्री लोकप्रिय आ.वि. | ६ | ३ | | | | | | | | | | | | | | | | | |
| 18 | श्री महेन्द्र आ.वि. | ६ | ३ | | | | | | | | | | | | | | | | | |
| 19 | श्री मनकामना आ.वि. | ८ | २ | | | | | | | | | | | | | | | | | |
| 20 | श्री नवज्योति मा.वि. | १ | ५ | १ | १ | १ | १ | १ | | १ | १ | १ | १ | १ | १ | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 21 | श्री नवज्योति आ.वि. | ४ | २ | | | | | | | | | | | | | | | | | |
| 22 | श्री पानधारा आ.वि. | ८ | ३ | | | | | | | | | | | | | | | | | |
| 23 | श्री प्रभात आ.वि. | ७ | ६ | | | | | | | | | | | | | | | | | |
| 24 | श्री अरनिको मा.वि. | ३ | ४ | १ | १ | ० | १ | १ | | १ | १ | १ | १ | | | | | | | |
| 25 | श्री भविष्य निर्माण मा.वि. | ४ | ७ | १ | १ | १ | १ | | | | १ | १ | | १ | | | | | १ | |
| 26 | श्री भुरुङ्चौकी मा.वि. | ८ | ८ | १ | १ | १ | १ | ० | ० | ० | ० | १ | १ | १ | | ० | | | १ | |
| 27 | श्री दिपेन्द्रदोय आ.वि. | ७ | २ | | | | | | | | | | | | | | | | | |
| 28 | श्री दिव्यप्रकाश मा.वि. | ४ | ६ | १ | १ | १ | १ | १ | | १ | १ | १ | १ | १ | | | | | | |
| 29 | श्री जामुनेडाँडा मा.वि. | २ | ५ | १ | १ | - | १ | १ | | १ | १ | ० | १ | १ | ० | ० | | | | |
| 30 | श्री खुदी आ.वि. | ४ | ५ | | | | १ | | | | | | | | | | | | | |
| 31 | श्री किचनास आ.वि. | ५ | ६ | १ | १ | १ | १ | | | | | | | | | | | | | |
| 32 | श्री श्यामपोखरी आ.वि. | २ | १ | | | | | | | | | | | | | | | | | |
| 33 | श्री सिद्धमण्डली आ.वि. | ३ | ५ | | १ | १ | | | | | | | | | | | | | | |
| 34 | श्री सनफ्लावर अंग्रेजी बोडिङ्ग स्कुल | १ | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | १३५ | 10 | 11 | 10 | 14 | 8 | 0 | 6 | 11 | 8 | 10 | 6 | 2 | 1 | | | 3 | |

## ५.१.३ उद्देश्य

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु
२. जनशक्तिका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु
३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु
४. समग्र शैक्षिक नतिजाप्रति जबाफदेही बनाउन विद्यालय व्यवस्थापनलाई सक्षम बनाउनु।

## ५.१.४ रणनीति

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने।
२. संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गर्ने ।
३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ।
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने।
५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने ।
६. कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने

## ५.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य

### (क) उपलब्धि

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुने छ ।
२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुने छ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुने छ ।

### (ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ६ | १० | १० | १० | १० | १० |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | १८ | २२ | २२ | २२ | २२ | २२ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ |

| क्रसं | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| | सम्पन्न गर्ने विद्यालय सङ्ख्या | | | | | | |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| ५ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ४ | ६ | १० | १० | १० | १० |
| ६ | समयमै शैक्षिक तथ्याङ्क भर्ने विद्यालय संख्या | ३४ | - | -- | - | -- | - |
| ७ | नियमितरूपमा लेखापरीक्षण तथा सामाजिक परीक्षण गर्ने विद्यालय संख्या | ३४ | - | - | - | - | - |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | ४ | आवश्यकत्ता अनुसार | -- | - | - | - | - | | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | भएको | आवश्यकत्ता अनुसार | आवश्यकत्ता अनुसार | आवश्यकत्ता अनुसार | आवश्यकत्ता अनुसार | आवश्यकत्ता अनुसार | आवश्यकत्ता अनुसार | आवश्यकत्ता अनुसार | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | ४ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ४ | कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्यांकन गर्ने, गराउने | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | | | | | | | | | | |

# ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

## ५.२.१ परिचय

यस योजनाले प्रस्ताव गरेका उद्देश्य तथा लक्ष्यहरूलाई नतिजा र उपलब्धिमा रूपान्तरण गर्न कार्यान्वयनको उपयुक्त र सबल संरचनात्मक प्रबन्ध आवश्यक हुन्छ। योजनाको कार्यान्वयन प्रबन्धअन्तर्गत आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति, कानुन तथा मापदण्ड र जिम्मेवारी सहितको उत्तरदायित्वको संरचना पर्दछन। यसअन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमाको संयन्त्र, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन पर्दछन् ।

## ५.२.२ वर्तमान अवस्था

स्थानीय तहमा शिक्षा शाखामार्फत शिक्षासम्बन्धी कार्यहरू भईरहेका छन्। स्थानीय तहका शिक्षा शाखाहरूले सम्बन्धित तहअन्तर्गत विद्यालयस्तरीय शिक्षा योजना निर्माण, कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दछन्। प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षकमध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ।

स्थानीय तहलाई विद्यालय शिक्षाका सवालहरूमा प्राविधिक सहायता र सहयोग उपलब्ध गराउने र प्रादेशिक तथा सङ्घीय सरकारहरूले स्थानीय तहहरूसँग शिक्षाका विभिन्न विषयहरूमा साझेदारी तथा समन्वय गर्ने विषयमा स्पष्ट गर्नु जरुरी रहेको छ ।

स्थानीय तहले शिक्षा क्षेत्र विकासका लागि आवधिक योजना तयार गर्ने, सङ्घीय तथा प्रदेश तहबाट प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने, योजना कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, मापदण्ड तथा निर्देशिका विकास गर्ने, शिक्षा शाखाको क्षमता सुदृढ गरी कार्यक्रम कार्यान्वयनका लागि सरोकारवालाहरू संलग्न रहेको समन्वय समिति आवश्यकतानुसार अन्य समितिहरू निर्माण गर्ने कार्यहरु भैरहेका छन्। साथै शिक्षण सिकाइमा आवश्यक सहयोग आदान प्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने, विद्यालयमा विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने कार्य हुँदै आएको छ ।

विद्यालय सुधार योजना बनाई वार्षिक रूपमा अद्यावधिक गर्ने, स्थानीय तहबाट प्राप्त बजेट तथा आफ्नै स्रोतका बजेट प्रयोग गरी विद्यालय व्यवस्थापन समितिले वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्ने र कार्यान्वयन गर्ने, विद्यालय सुधारसँग सम्बन्धित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापक जिम्मेवार बनाउने, विद्यालय व्यवस्थापनका लागि प्रधानाध्यापकहरूको सशक्तीकरण तथा क्षमता अभिवृद्धि गर्ने, वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने, अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र विद्यालयको कार्यसम्पादनका

सम्बन्धमा सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने, स्थानीय तहका सम्बन्धित शाखाहरू, स्थानीय सामुदायिक तथा गैरसरकारी संस्था तथा स्रोतव्यक्ति समेतको सहकार्यमा विद्यार्थीका लागि पोषण, स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा विपद्को अवस्थामा समेत शिक्षाको निरन्तरताका लागि आवश्यक समिति वा संरचना तयार गर्ने जस्ता कार्यहरु विद्यालयस्तरबाट हुँदै आएको छ ।

## ५.२.३ उद्देश्य

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु
२. जनशक्तिका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु
३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु

## ५.२.४ रणनीति

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने
२. संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गर्ने
३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने
५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने
६. कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने

## ५.२.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य

### (क) उपलब्धि

| क्रसं | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ५ | ६ | ७ | ८ | १० | १० |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | १० | १७ | १८ | १८ | १८ | १८ |

| क्रसं | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| ५ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ४ | ४ | ६ | ७ | ८ | १० |
| ६ | | | | | | | |

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ५ | - | ६ | ७ | ८ | १० |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | १० | - | १७ | - | - | - |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | सबै | - | - | - | - | - |

| क्रसं | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | सबै | - | - | - | - | - |
| ५ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ४ | ४ | ६ | ७ | ८ | १० |
| ६ | | | | | | | |

## (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | | ३ | आवश्यकता अनुसार | -- | - | - | - | - | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | | भएको | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | | ४ | निरन्तर | | | | | | |
| ४ | कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्यांकन गर्ने, गराउने | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | | | ३ | आवश्यकता अनुसार | -- | - | - | - | - | |

# परिच्छेद छ
# लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

देश विकासको लागि “शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो” भनिन्छ । दीगो विकासका लागि राष्ट्रले प्राथमिकताका साथ शिक्षामा लगानी गर्नुपर्दछ । नेपालले विभिन्न कालखण्डमा शिक्षासम्बन्धी नीति तथा कार्यक्रम तय गर्दा शिक्षामा लगानी वृद्धि गर्ने लक्ष्य लिएको छ ।

नेपालमा बजेट निर्माणका चरणमा शिक्षा क्षेत्रको बजेट प्रमुख छलफलको विषय बन्ने गर्दछ । शिक्षामा राष्ट्रिय बजेटको २०% सम्म लगानी पुऱ्याउने लक्ष्य राखेको भए तापनि अहिलेसम्म उक्त लक्ष्य पूरा भएको पाइँदैन । अहिलेको विद्यालय क्षेत्र विकास योजनाको अन्त्यसम्ममा लगानी वृद्धि हुने आशा गर्न सकिन्छ ।

संविधानले आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य गराउने, माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने र अपाङ्ग, महिला, जात तथा वर्ग विभेद नहुने गरी शिक्षालाई मौलिक हकका रूपमा प्राप्त गर्ने अवसर प्रदान गर्न राज्यको दायित्व हुने कुरा प्रस्ट पारेको छ । शिक्षा ऐन, नियम, राष्ट्रिय शिक्षा नीति — २०७६ र विद्यालय क्षेत्र विकास योजना २०७३ ले पनि यसै कुरालाई पछ्याएको छ ।

## ६.२ वर्तमान अवस्था

विद्यालय शिक्षामा लगानी गर्नु संघ, प्रदेश र स्थानीय तहको साझा दायित्व भएकोले यस विषयमा विशेष ध्यान पुऱ्याउनुपर्दछ। तहगत सरकारबाट तोकिएको क्रियालापमा आधारित लगानी नगरी पुरक लगानीको उत्तरदायित्व सयन्त्र विकास गरी कार्यान्वयन गर्नु पर्दछ। परिमाणस्वरुप विद्यालयका शिक्षक तथा कर्मचारीको पारिश्रमिक र भौतिक निर्माण लगायतका कार्यमा सङ्घीय तहबाट वित्तीय हस्तान्तरणमार्फत उपलव्ध हुने सशर्त अनुदानका अतिरिक्त स्थानीय सरकारले आफ्नै स्रोतबाट समेत बजेट विनियोजन गर्ने अपेक्षा गरिएको छ।

